प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २७३ | काठमाडौं | मंगलबार, १५ माघ २०८१ | Prabhab National Daily | Tuesday, January 28, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

अध्यादेशमा कांग्रेस सांसदहरूको असन्तुष्टि

सोमबार सिंहदरबारमा बसेको कांग्रेस संसदीय दलको बैठक

■ प्रभाव संवाददाता

काठमाडौं- नेपाली कांग्रेसका सांसदहरूले हालै सरकारले ल्याएको अध्यादेशप्रति विरोध जनाएका छन्। संसद् हुँदाहुँदै छलेर पाँचवटा अध्यादेश ल्याएको भन्दै कांग्रेस सांसदहरूले संसदीय दलको बैठकमा विरोध जनाएका हुन्।

'विनासूचना अध्यादेश ल्याएको भन्दै सांसदहरूले विरोध गर्नुभएको छ,' सांसद रामहरि खतिवडाले भने। कांग्रेस सभापति शेरबहादुर देउवाले भने सरकारको कदमलाई प्रतिरक्षा गर्न कानुनविद् नै लगेर सांसदहरूलाई अध्यादेशको बारेमा पाठ पढाएका थिए। कानुनमै व्यवस्था भएको विषयलाई विरोध गर्न नहुने पाठ कानुनविद्हरूले पढाए पनि कांग्रेस सांसदहरूले भने त्यसको खुलेर विरोध गरेका हुन्।

गत पुस २९ गते सरकारले नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश ल्याउन राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। त्यसैगरी सेवा प्रवाहमा नागरिक एप प्रयोगमा ल्याउने कानुनी व्यवस्था गर्न, श्रमिकको अनिवार्य अवकाश उमेर हद ५८ वर्षबाट ६० वर्ष बनाउन, नेपाल सरकारको कार्यसम्पादन सरलीकरण गर्दै कुनै निर्णय गर्नुपर्ने अधिकारीले कानुनमा नै मिति तोकिएको भए सोहीबमोजिम र अन्य सबै अवस्थामा बढीमा सात दिनभित्र निर्णय गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत गरिएको छ।

आइतबारदेखि जारी संसदीय दलको बैठकमा शेखर कोइराला पक्षका सांसदहरूले अध्यादेशको विरोध गरेका हुन्। अधिकांश सांसदहरूले कुनै सूचना नदिइ अध्यादेश ल्याएको भन्दै प्रश्न गरेका छन्। अध्यादेशको बचाउमा एक भएर अघि बढ्नेगरी कांग्रेस संसदीय दलको बैठक सुरु भएको थियो। कांग्रेस सभापति देउवाले अध्यादेशको विषयमा एक हुन यसअघि नै मौखिक निर्देशन दिएका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

गठबन्धन एक ढिक्का भएर अघि बढ्ने

सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसले सरकारको कामकारबाही र अध्यादेशबारे एकढिक्का भएर अघि बढ्ने निर्णय गरेका छन्। संसद् सुरु हुनुपूर्व सोमबार साँझ बालुवाटारस्थित प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवासमा बसेको सत्तारुढ दलको बैठकमा उक्त निर्णय भएको एमाले प्रमुख सचेतक महेश बर्तौलाले बताए।

'संसद्को काम कारबाहीमा सत्तारुढ दलहरू एउटै लय र एउटै गतिमा उभिने तथा सरकारका कामको पक्षमा दरिलो साथ दिएर अघि बढ्ने निष्कर्ष निस्किएको छ,' बर्तौलाले भने।

माघ १८ गतेबाट प्रतिनिधिसभाको बैठक सुरु हुँदै छ। सोही बैठकमा सरकारको कदमको विरोध हुने अनुमान गरिएको छ। अध्यादेश, ओरालो लागेको अर्थतन्त्रको विषयमा सरकारको कामकारबाहीमाथि विपक्ष दलका नेताहरूले आवाज बुलन्द पार्ने तयारी गरेका छन्। यसैलाई कसरी सामना गर्ने भनेर रणनीति बनाउन सत्तारुढ दलका नेताहरू आपसी छलफलमा जुटेका हुन्।

द्वन्द्व बढाउने केबलकार खारेज गर्न राज्यको बेवास्ता

केबलकार बनाइछाड्ने निर्माणपक्षको अडान, आन्दोलन थप सशक्त बनाउँदै स्थानीय

- मेची राजमार्ग, तमोर कोरिडोर र तेह्रथुमदेखि ताप्लेजुङ जोड्न सडकमा यातायात बन्द आह्वान
- लगानीकर्ता चन्द्र ढकाल र रूद्र पौडेललाई ताप्लेजुङ प्रवेश र अमिर मादेनलाई जिल्ला बाहिर जान निषेध घोषणा
- प्रदेश सांसदहरु इन्द्र आङ्बो, मैया श्रेष्ठ लावती, प्रदीकुमार सुनुवार, खिनु लङ्वालगायतले राज्य आतंक र प्रहरी दमनको विरोध

ताप्लेजुङको मुक्कुम्लुङमा स्थानीयमाथि प्रहरीले गोली चलाएको विरोधमा सोमबार काठमाडौंमा भएको विरोध प्रदर्शन।

■ जेबी योञ्जन

काठमाडौं- ताप्लेजुङको मुन्धुमीस्थल मुक्कुम्लुङमा केबलकार निर्माण रोक्न माग गर्दै आएका स्थानीयमाथि प्रहरीले गोली चलाएपछि त्यसक्षेत्र अशान्त बनेको छ। प्रहरीले गोली चलाएको विरोधमा आन्दोलनरत पक्षले अनिश्चित्कालीन यातायात बन्द आह्वान भएको छ। मुक्कुम्लुङ संरक्षण र केबलकार खारेजीका लागि संघर्षरत संघ संस्था र राजनीतिक दलहरूले मेची राजमार्ग, तमोर कोरिडोर र तेह्रथुमदेखि ताप्लेजुङ प्रवेश गर्ने सडकहरूमा यातायात बन्द गरेका हुन्।

बन्द आह्वान गर्नेमध्येका एक संस्था मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समिति संयोजक श्रीप्रसाद लिम्बूले बन्दका क्रममा एम्बुलेन्स, दूध बोक्ने गाडी र शववाहनबाहेक सबै सवारीसाधन चल्न नदिइने बताए। आन्दोलनरत पक्षको मुख्य माग मुक्कुम्लुङमा केबलकार निर्माण खारेजी हो। तर, केबलकार निर्माण कम्पनी सुन्ने पक्षमा छैन।

स्थानीय प्रशासनले पनि आन्दोलनरत पक्षको मागलाई पूरापूर बेवास्ता गर्दै आएको देखिन्छ। उल्टै आन्दोलनकारीमाथि गोली चलाउने आदेश दिएकोमा प्रशासनको चर्को आलोचना भइरहेको छ। प्रशासनले कडा सुरक्षा घेराबीच केबलकार निर्माणको काम गराउँदै आएको छ।

यसविरुद्ध आन्दोलनरत पक्षले आज (माघ १५)देखि अनिश्चित्कालीन यातायात बन्द आह्वान गरेका हुन्। उनीहरूले केबलकारको लगानीकर्ता रहेका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल र रुद्र पौडेललाई ताप्लेजुङ प्रवेश निषेध गरेका छन्। ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनुकटा, झापा, मोरङ र सुनसरीमा ढकाल सञ्चालक रहेको ग्लोबल आइएमई बैंकका शाखाहरू बन्द गर्ने कार्यक्रम पनि बन्द आह्वानकर्ताहरूको छ। उक्त बैंकको खाता बन्द गर्न पनि आह्वान गरिएको छ।

ताप्लेजुङको फुङ्लिङ नगरपालिकाका मेयर अमिर मादेनलाई जिल्लाबाहिर जान निषेध गरिएको छ। पाथीभरा क्षेत्र विकास समिति खारेजीको माग भएको छ। ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरीक्षकले सार्वजनिक रूपमा माफी माग्नुपर्ने माग आन्दोलनरत पक्षको छ। उनीहरूमाथि कडा कारबाही गर्न सरकारसँग माग गरिएको छ। मुक्कुम्लुङ संरक्षणप्रेमीहरूमाथि गोली नचलाउन, राज्य आतंक, प्रहरी दमन र ज्यादती बन्द गर्न, धर्ममा व्यापारीकरण बन्द गर्न र केबलकार निर्माण खारेज गर्न आन्दोलनमै रहेको संस्था किरात याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापोले बताइन्। आन्दोलनरत पक्षले गृहमन्त्री रमेश लेखकको पनि राजीनामा माग गरेको छ।

तर, सरकारले सुरक्षा व्यवस्था कडा पारेपछि निर्माण कम्पनीले केबलकार निर्माणको कार्यलाई झनै गति दिएको छ। ढकालको लगानी रहेको केबलकार निर्माण भने ठेकेदार इन्द्र केदेमको कम्पनी हिमालयन कन्स्ट्रक्सन प्रालिले गर्दै आएको छ। केदेमले केबलकारको स्टेसन प्वाइन्टमा धमाधम काम भइरहेको बताए। प्रभावसँग उनले भने, 'राज्यको सहयोग हामीलाई छ। हामीले यहाँ धमाधम काम गरिरहेका छौं। कसैले रोक्न सक्दैन।'

मुक्कुम्लुङमा केबलकार निर्माणका लागि राज्यशक्ति नै लागिपरेको अवस्था छ। लामो समयदेखि आदिवासी लिम्बू समुदायले आफ्नो मुन्धुमीस्थलमा केबलकार निर्माण योजनाको विरोध जनाउँदै आएको छ। जबकि, कुनै पनि विकास निर्माणको योजना सञ्चालनपूर्व स्थानीय सरोकारवाला पक्षसँग स्वतन्त्रपूर्वक पूर्वसूचित मञ्जुरीनामा गराउनुपर्छ। तर, त्यसविपरीत बल प्रयोग गरेर स्थानीय प्रशासन र निर्माण कम्पनी अघि बढेका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

रूसमै अस्ताए विनोद, न सास आयो न लास

कुशको 'डमी' बनाएर गरियो दाहसंस्कार

■ ममता थापा

काठमाडौं- 'कहीँ जानुभन्दा अघि ह्वाटएप्स्मा भोइस मेसेज पठाएर म यस्तो गर्न लाग्दै छु आमा भन्थ्यो, पछिल्लोपटक नेपाल आउन मन छ तर जानै दिएको छैन भनेको थियो,' सोमबार पशुपति आर्यघाटमा छोराको दाहसंस्कार गर्न आएकी नरमाया सुनुवारले टोलाउँदै भनिन्।

नरमाया ६२ वर्षकी भइन्। ओखलढुङ्गाको मोलुङ गाउँपालिका घर भएकी नरमायाका माइला छोरा विनोदबहादुर सुनुवार अघिल्लो वर्षको असोजमा रुसी सेनामा भर्ना हुन गए। उनले घरपरिवारलाई थाहै नदिई रुस जाने सबै चाँजोपाँजो मिलाएका थिए। 'जाने दिन विहान आमा मेरो फ्लाइट आयो भनेको थियो। त्यतिबेला पो थाहा भयो रुस जान लागेको भनेर,' भावविह्वल भएर उनले सुनाइन्। बूढेसकालमा आफ्नो सन्तान गुमाउनुको पीडा उनले सकिनसकी पोखिन्, 'आठ जना छोराछोरीमध्ये एकजना रुसी लाहुरे भएर बित्यो, दुई जनालाई पहिरोले लग्यो, एउटाले आत्महत्या गऱ्यो।'

नरमाया मोबाइलमा मेसेज टाइप गर्न सक्दिनन्। रुस गएदेखि के गर्दै छु भनेर हरेक दिन भ्वाइस मेसेज पठाउँथे विनोदले। तर करिब साढे दुई महिनादेखि कुनै खबर आएको थिएन। लामो समयलेखि

कुनै खबर नआउँदा परिवार आत्तिन थालिसकेका थिए। तर पनि छोरा फर्किने ठूलो आश थियो, नरमायालाई। के भएको हो भनेर नेपाली दूतावास र रुसी सेनामा मारिएकाहरूको शव झिकाउने पहल गरिरहेकाहरूसँग सम्पर्क गर्दा बमबारीमा परी बंकरभित्र परेर उनको मृत्यु भइसकेको खबर आयो। सम्पर्कमा नभए पनि विनोद जिउँदै होलान् भन्ने आशमा बसेका परिवारजनमा त्यसपछि बज्रपात पऱ्यो। बमबारीमा ज्यान गएकाले उनको शव झिकाउन सकिएन।

छोराको अन्तिम संस्कार गर्नुपर्ने चलनअनुसार कुशको शव बनाएर दाहसंस्कार गरियो। 'उसका भाइहरूले कुश, पराल र जौंको पीठोले शव बनाए,' नरमायाले सुनाइन्।

मृतककी आमा नरमाया सुनुवार

⏭ क्रमशः पृष्ठ २ मा

'रुसमा कोही पनि नजाऊन्'

रुसी सेनाबाट फर्किएका सुदिप खत्री युद्धग्रस्त अवस्थामा रुसी सेनामा नजान आग्रह गर्छन्। ओखलढुङ्गा चम्पादेवी घर भएका उनी त्यहाँको स्थिति हाम्रो कल्पनाभन्दा बाहिरको रहेको बताउँछन्।

कोरियन भाषा पढ्दै गरेका सुदिपलाई रुसमा भाषा जान्न नपर्ने, तलब पनि राम्रै हुने भनेर टिकटकबाट थाहा पाएपछि रुसी आर्मी बन्ने रहर जाग्यो। एउटा ट्राभल एजेन्सी समातेर १० लाख रूपैयाँ तिरेर रुस गए। उनले १३ महिना युद्धक्षेत्रमा काम गरे। करिब तीन महिना फाइरिङ सिकाएपछि युद्धमा लगिएको उनले बताए।

'नेपालीहरूले फ्रन्टलाइनमा बसेर मिसाइल हान्नुपर्छ, सुरक्षाको साधन भनेको आर्मर र हेलमेटमात्रै हुन्छ, ड्रोनहरूबाट छालिएर बंकरमा बस्नुपर्छ,' उनले भने, 'म बाकमुद भन्ने ठाउँमा थिएँ। त्यसबेला त्यहाँ करिब २०० को हाराहारीमा नेपाली थिए।' उनका अनुसार युद्धरत अवस्थामा त्यहींका रुसी नागरिकले छ महिनापछि २० दिन छुट्टी पाउँछन् भने अन्य देशबाट आएकालाई एक वर्ष पुगेपछि दुई महिना छुट्टी दिइन्छ। उनी एक वर्ष काम गरेर छुट्टीमा नेपाल आएका हुन्।

⏭ क्रमशः पृष्ठ २ मा

जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

द्वन्द्व बढाउने...

शनिबार जिल्लाको फुङ्लिङ नगरपालिकाको वडा नम्बर १० र ११ को सीमामा पर्ने बलुडाँडामा सशस्त्र प्रहरी र आन्दोलनरत पक्षबीच तनाव भएको थियो । त्यसक्रममा आन्दोलनरत पक्षले ढुंगामुडा प्रहार गरेको भन्दै सशस्त्र प्रहरीले गोली चलाएको थियो ।

त्यसक्रममा तेह्रथुमको म्याङलुङ नगरपालिका-९ का यामबहादुर लिम्बू, पाँचथरको मिक्लाजुङ गाउँपालिका-५ का सुगन लावती र ताप्लेजुङको फुङलिङ नगरपालिका-८ का धर्म पालुङ्वा गोली लागेर गम्भीर घाइते भए । उनीहरूको उपचार त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भइरहेको छ ।

नेपाली सेनाको स्काई ट्रकमार्फत आइतबार उपचारका लागि काठमाडौं ल्याइएका सगुनको छात्तीमा र यामबहादुरको तिघ्रामा गोलीले लागेको छ । दुवै जनाको आइसियूमा राखेर उपचार भइरहेको छ । धर्मको भने कुमको हड्डी भाँचिएको छ । गोली लागेरै विशाल लिम्बू र ध्वजनारायण लिम्बू घाइते भएका छन् । उनीहरूको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको लिम्बूले जानकारी दिए । उनका अनुसार दुई जनालाई प्रहरीले हिरासतमा राखेको छ ।

मुक्कुम्लुङमा केबलकार खारेजीको माग गर्ने पक्षमाथि चर्को दमन भएपछि काठमाडौंसँगै ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, तेह्रथुम र धनकुटालगायत जिल्लामा आइतबार आन्दोलनरत पक्षले विरोध गर्दै प्रदर्शन गरेका थिए । आजदेखि भने अनिश्चितकालीन यातायात बन्द आह्वान गरेका हुन् ।

बलुडाँडा घटनाप्रति माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्बो, कांग्रेस सांसदहरू मैया श्रेष्ठ लावती, प्रदीपकुमार सुनुवार, नेकपा एसकी सांसद खिनु लङ्वा लिम्बुलगायतले विरोध जनाउँदै राज्य आतंक बन्द गर्न सरकारसँग माग गरेका छन् । स्थानीय समुदायको मागअनुसार विकास निर्माणका संरचना बनाउनुपर्नेमा जोड दिएका छन् । तत्काल समस्या समाधानका लागि सरकार पक्षले तदारुकता देखाउनुपर्नेमा सुझाएका छन् ।

कांग्रेसका पाँचथर सभापति रूपनारायण जबेगूले पनि शान्तिपूर्ण ढंगले समस्या समाधान गर्न सरकारसँग आग्रह गरेका छन् । तर, स्थानीय प्रशासन आन्दोलनरत पक्षसँग वार्ता र सम्वादका लागि अनिच्छुक देखिएको छ ।

बरु, सशस्त्र प्रहरी पठाएर बलुडाँडामा आन्दोलनकारीहरू बस्ने घरहरूमा तोडफोड गराएको लिम्बूले बताए । उनले समीर लिम्बू, खगेन्द्र लिम्बू, ईश्वर लिम्बू, रमेश राई, एलिसा लिम्बू र राजन लिम्बूको घरको ढोका तोडफोड गरेको र घरधनीहरूलाई खेदाएको बताए । आइतबार भने केही घरका मान्छेहरू आएको र धेरै भने त्रासले नआउको उनको भनाइ छ ।

यही १५ पुसमा मुकुम्लुङ संरक्षण संघर्ष समितिको टोलीमा रहेका जनम इधिङ्गो, सुशील नुगो र सञ्जोग नुगोलाई केबलकार निर्माण गर्न ठेक्का पाएका ठेकेदार इन्द्र केदेम पक्षले कुटपिट गरेको थियो । उल्टै प्रहरीले उनीहरूलाई हिरासतमा राखेको थियो ।

केबलकार निर्माण आयोजनाको गत २३ कात्तिकमा मेसिन लगेर शिलान्यास गरिएको थियो । त्यसबेला पनि सरकार पक्षबाट बल प्रयोग भएको थियो । मजदुर अर्जुन लिम्बुमाथि ठेकेदार पक्षबाट खुकुरी प्रहार भएको थियो । त्यसबेला अर्जुन घाइते भए । तर, किटानी जाहेरी जिल्ला प्रहरी कार्यालयले लिएन । जिल्ला अदालतले पनि मुद्दा दर्ता गर्न अस्वीकार गऱ्यो । हतियार प्रहार भएका अर्जुनले कर्तव्य ज्यान उद्योगसम्बन्धी जाहेरी दिएका थिए । यसपछि अर्जुन उजुरीका लागि उच्च अदालत इलाम आए । त्यहाँ भने दर्ता भएको छ । तर, अदालतले मुद्दामाथिको कारबाही थालेको छैन ।

यसअघि आन्दोलनकारीको दबाबपछि तल्लो फेदीबाट सशस्त्र प्रहरी हटेका थिए । यद्यपि, प्रहरी र सशस्त्र दुवै सुरक्षा निकायलाई लगेर पछिल्लोपटक सरकारले राखेको हो । यसलाई आन्दोलनकारीहरूले जबर्जस्ती केबलकार निर्माण गर्न सरकारी पक्ष अघि बढेको अर्थमा बुझेका छन् । नभन्दै ठूलो सुरक्षा घेराबीचमा केबलकारको स्टेशन निर्माण भइरहेको छ ।

आन्दोनलकारीहरूले भने पवित्र मुन्धुमीस्थलमा केबलकार बनाउनु अनुचित भन्दै आएका छन् । हुन पनि केबलकार निर्माण गर्दा त्यहाँ हजारौं रुख कटान भइसकेको छ, जसले पर्यावरणीय सन्तुलनमै खलल पुऱ्याउन सक्ने चिन्ता प्रकट भइरहेको छ । अर्कातिर हाल मुकुम्लुङका कारण करिब ८ सय परिवारले जीवन निर्वाह गर्दै आएका छन् । उनीहरूले असक्त र अपाङ्गता भएका लगायतलाई बोकेर मुकुम्लुङ पुऱ्याउँछन् । त्यसवापत निश्चित शुल्क लिन्छन् । त्यसले ठूलो परिवारलाई रोजगारी प्रदान गरेको छ ।

केबलकार निर्माण परियोजनाले तीनवटा स्थानीय तह प्रभावित हुन्छन् । फुङलिङ नगरपालिका, फक्ताङलुङ गाउँपालिका र सिरिजङ्घा गाउँपालिका हुन् । हालसम्म फुङलिङबाहेकका दुवै स्थानीय तहले केबलकार निर्माण लागि सहमति दिएका छैनन् । तर, पनि परियोजना निर्माण कार्य दमन गराएर भए पनि अघि बढाउने पक्षमा ठेकेदार कम्पनी देखिएको छ । यसविरुद्ध सोमबार अन्तरदलीय संघर्ष समितिले पनि विरोध जनाएको छ ।

■ ■ ■

अध्यादेशमा कांग्रेस...

यता सोमबार विराटनगरमा नोना कोइरालाको स्मृति दिवस मनाउन पुगेका नेता शेखर कोइरालाले सरकारले संसद्लाई पर सारेर अध्यादेश ल्याएकोमा आपत्ति जनाए । उनले संसद् बस्ने समय नजिकिँदै गर्दा हतारमा अध्यादेश ल्याउँदा आमजनतामा आशंका देखिएको टिप्पणी गरे । 'हतारहतार अध्यादेश ल्याउनुपर्ने कुनै जरुरी थिएन । अध्यादेशमा केही खोट छ कि, सरकारको केही स्वार्थ छ कि भन्ने आमजनतामा परेको छ,' कोइरालाले भने, 'संसद्मै पेस गर्दा पनि कांग्रेस र एमाले मिल्दा झण्डै दुईतिहाइको संख्या छ । सजिलै पास हुन्थ्यो । संसद् छलेर सरकारले जुन अध्यादेश ल्याएको छ त्यो ठीक भएन ।'

कांग्रेस संसदीय दलको दोस्रो दिनको बैठकमा पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूको कार्यक्षमतामाथिसमेत प्रश्न उठेको छ । 'मन्त्रीहरूमात्र मुस्कुराउने सेवाग्राही रुँदै हिँड्नुपर्ने अवस्था आउन भएन । आशातीत काम गर्न नसके जनतामा निराशा पैदा हुन्छ,' सांसद खतिवडाले भने ।

संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरेले भने सांसदहरूले कुनै असन्तुष्टि नराखेको र अहिलेको सरकार सातबुँदे सहमतिअनुसार नै अघि बढ्ने दाबी गरे । 'अहिले त्यस्तो असन्तुष्टि खासै छैन । अध्यादेशको बारेमा सूचना पाएनमात्र भन्नुभएको हो । यो सरकार सातबुँदे सहमतिअनुसार नै चल्छ भन्नेमा सबै एकमत हुनुहुन्छ,' प्रमुख सचेतक घिमिरेले भने ।

आइतबारको बैठकमा १८ जना सांसदले धारणा राखे । बुधबार र बिहीबार बिदा भएकोले अर्को बैठक शुक्रबार बस्नेगरी स्थगित भएको छ । शुक्रबार मन्त्रीले जवाफ दिने कार्यतालिकासमेत रहेको छ ।

बैठकमा सभापति देउवाले मन्त्रीहरूलाई पार्टीका सांसदसँग समन्वय गरेरमात्र काम गर्न निर्देशन दिएका छन् ।

■ ■ ■

रूसमै अस्ताए...

यसरी रुसी सेनामा ज्यान गुमाएकाको परिवारले कुशको डमी बनाएर दाहसंस्कार गरिएको यो पहिलो घटना भएको अभियन्ता कृतु भण्डारीले बताइन् ।

परिवारको भविष्य अनि आफ्नै घर बनाउने सपना बुनेर रुस गएका विनोद उतै अस्ताए, परिवारले मृत शरीरसमेत देख्न पाएन । प्रेम विवाह गरेका विनोदका श्रीमती र १५ वर्षका छोरा छन् । शोकमा डुबेकी उनकी श्रीमती बोल्नसक्ने अवस्थामा थिइनन् । श्रीमती र छोराले उनलाई दागबत्ती दिए ।

■ ■ ■

रूसमा कोही...

युद्धरत देशमा किन जानुभयो भनेर सोध्दा उनको जवाफ थियो, 'नेपालमा राम्रो रोजगारी नपाएर गएको हो नि । त्यत्ति ठूलो रुसले युक्रेनलाई हराइहाल्छ बढीमा एक-दुई महिनामा युद्धविराम होला भनेर गइयो । त्यहाँ पुगेपछि स्थिति अर्कै थियो । सेनामा कोही पनि नजाऊन्,' उनले भने ।

साउदीमा रोजगार

कम्पनी : Muthwid Hakim Altawalah Gen. Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317554 चलानी नं. ६०२३२०५७

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	LAODING & UNLOADING WORKER	1	0	1000	३६,८४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Mohammed Bin Saeed Al-Qahtani, Saud Bin Saeed Al-Qahtani and Ali Saeed Al-Qahtani operation and main

पूर्व स्वीकृति मिति : २०८१/०२/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 305753 चलानी नं. ६०२२०५६१

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	food and beverage counter worker	1	0	1200	४२,६००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Asma Mohamed Ali Al Haider Est for beverage services

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 317551 चलानी नं. ६०२३२०६०

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Food and Beverage Counter Worker	1	0	1200	४२,६००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

कुवेतमा रोजगार

कम्पनी : DIYAR PUBLIC FACILITIES MANAGEMENTS CO.

पूर्व स्वीकृति मिति : २०८०/०४/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 290808 चलानी नं. ६०२०६२५२

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Body Guard	20	0	140	६२,८१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Cleaner	50	20	90	४०,३७५							
3	DRIVER LIGHT GCC	25	0	140	६२,८१०							
4	Security Guard	30	0	130	५८,३२५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

Katari Municipality
Office of Municipal Executive
Koshi Province, Udayapur

Notice Regarding the Opening of Financial Proposals

Date of publication: 28th January, 2025 (2081/10/15)

In accordance with the notice published by this office on 2081/07/21 in the National Daily Newspaper (under the Single Stage Double Envelope System), it is hereby notified to all concerned bidders that the following parties have been identified as Substantially Responsive Bidders and have successfully qualified the technical evaluation stage.

S.N	Contract ID	Description of work	Name and Address of Qualified Bidders
1	KMUN/W/NCB/11/081/82	Construction of Ward Office Buildings at Ward no. 8, 11 and 13	M/S Naw Durga Construction, Arnama 2, Siraha
			M/S Shaktikunda / Anita JV, Gaighat 2, Udayapur
			M/S Kalesto Builders and Engineers Pvt. Ltd, Kirtipur 8
			M/S Wambule / Republic JV, Manebhanjyang, Okhaldhunga
			M/S Bhusnamachha / Dhanlaxmi / Chaudhary JV, Triyuga 11

The financial proposals of these technically qualified bidders are scheduled to be opened as follows:

Date: 4th February, 2025 (2081/10/22)

Time: 1:00 PM

Venue: Katari Municipality, Office of Municipal Executive

Chief Administrative Officer

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/११/२५ मा दर्ता भएको **प्रा.लि. नं. २८६०१४/०७८/०७९** को **काका म्यारेज प्रा.लि.** को मिति २०८१/१०/१४ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,
ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०६/१० गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **३२०३५४** को **लाडटाङ इन्टरनेशनल एक्सपोर्ट एन्ड इम्पोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जलि

जन्मः
वि.सं. १९९०/०३/१६

स्वर्गारोहणः
वि.सं. २०८१/१०/०३

स्व. मानबहादुर विष्ट

सार्वजनिक सेवा प्रसारण संस्थाका अध्यक्ष,
नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष एवम् हाम्रा शुभचिन्तक
डा. महेन्द्र विष्टका
पूजनीय पिता **मानबहादुर विष्ट**को असामयिक निधनको
१३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना
गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकसन्तप्त
परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित
हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्ण कार्की
प्रबन्ध निर्देशक
प्रभाव पब्लिकेसन प्रा.लि.
तथा
प्रभाव दैनिक परिवार
सिफल-७, काठमाडौं

Thakre Rural Municipality
Office of the Rural Municipal Executive
Mahadevbesi, Dhading
Bagmati Province, Nepal

Invitation for Online Bid

Date of Publication: 2081-10-15

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract below

S.No.	Contract ID No.	Project Title	Estimated cost (with VAT) (NRS)	Bid Security amount (NRS)	Bid Document fee (NRS)
1.	01/SCQ/GOODS/ THAKRE/2081/082	Supply and Delivery of Sanitary Pad	19,51,000/-	58,530/-	1,000/-

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Supply and Delivery of Sanitary Pad.
3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 1000.00 NRs in the following specified bank.

   Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch
   Name of the office : Thakre Rural Municipality
   Office account no : 0510101118900121

5. Interested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2081-10-30, 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and user manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 2081-10-30, 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 45 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

Chief Administrative Officer

तीनदिने महोत्सवसहित सोनाम ल्होछार मनाइँदै

आज राष्ट्रपति कार्यालय शितलनिवासमा पूजापाठ

राष्ट्रिय सोनाम ल्होछार २८६१ डुल/सा पुखी
ल्होछार मूल समारोह समितिद्वारा आयोजित
पत्रकार सम्मेलन

■ **प्रभाव संवाददाता**

काठमाडौं– सोनाम ल्होछारका अवसरमा राजधानीमा विभिन्न कार्यक्रम हुने भएको छ। तामाङ तथा बौद्ध धर्मावलम्बीहरूले मनाउने सोनाम ल्होछार यस वर्ष माघ १७ गते परेको छ। यही अवसरमा नेपाल तामाङ घेदुङलगायत विभिन्न संघ संस्थाले आजैदेखि विभिन्न कार्यक्रम आयोजना गर्ने सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

यस अवसरमा काठमाडौंमा तीन दिने महोत्सव हुने भएको छ। 'तामाङ भाषालाई सरकारी कामकाजी भाषा कार्यान्वयनका लागि अघि बढौं' भन्ने मूल नाराका साथ टुँडिखेलमा मनाइने ल्होछारको तयारी पूरा भएको राष्ट्रिय सोनाम ल्होछार मुल आयोजक समितिले जानकारी दिएको छ।

पत्रकार सम्मेलनमा बोल्दै तामाङ घेदुङका महासचिव जगतमान दोङले मंगलबार (आज) बिहान राष्ट्रपति कार्यालय शितलनिवासमा ताम्बा, लामा, बोन्बोद्वारा पूजापाठ तथा शुभकामना आदानप्रदान गरेर ल्होछार सुरु हुने बताए। 'ल्होछार सहर, बजार, चोक र होटलमा मात्र पुग्यो, घरघरमा पुग्न सकेन भन्ने आरोप हामीलाई लाग्ने गरेको छ। हामी घरघरमा पनि ल्होछार मनाउँछौं। बिहीबार बिहानै आपाआमाको हातबाट टीका र आशीर्वाद लिएर ल्होछार मनाउन सुरु गर्छौं। ल्होछारको दिन टुँडिखेलमा राम्रै उपस्थिति हुन्छ भन्ने लागेको छ,' महासचिव दोङले भने।

तीनदिने साँस्कृतिक महोत्सवमा बुधबार टुँडिखेलमा राष्ट्रिय कलाकार हरूद्वारा सांस्कृतिक प्रस्तुति, पूजापाठ र साँझ डुक (गरुड) वर्षको बिदाइ र डुल (सर्प) वर्षको स्वागत स्वरूप 'ल्होछार इभ' गरिने मूल समारोह समितिका संयोजक मोहन गोलेले बताए। बिहीबार बिहान ११ बजेदेखि ताम्बा, लामा, बोम्बोको झाँकीसहित शान्ति र्‍यालीले टुँडिखेल परिक्रमा गर्ने छ। दिउँसो १ बजेदेखि ल्होछार समारोहको उद्घाटनसँगै शुभकामना आदानप्रदान, ख्यातीप्राप्त कलाकारद्वारा सांस्कृतिक प्रस्तुतिका साथ ल्होछार महोत्सव सम्पन्न हुनेछ। यसपटक महोत्सवको प्रमुख अतिथिका रूपमा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा उपस्थित हुने जानकारी दिइएको छ।

उक्त दिन स्टेजको दायाँबायाँ ताम्बा, लामा, बोन्बोको परम्परागत सामग्रीसहितको लाइभ स्टल रहनेछ। स्वास्थ्य शिविर र तामाङ तथा आदिवासी जनजातिसम्बन्धी पुस्तकसमेत राखिने आयोजकको भनाइ छ। ल्होछार माघ शुक्ल प्रतिपदादेखि पुर्णिमासम्म मनाउने भए पनि विशेष गरेर तामाङ समुदायले पाँच दिनसम्म भव्यरूपमा मनाउने चलन रहेको छ।

तामाङ घेदुङका अध्यक्ष एवं मूल आयोजक समितिका संयोजक गोलेले माघ १७ गते बाट मञ्जुश्री संवत् २८६१ सुरु हुने र सोही दिनबाट सर्प वर्ग (डुल ल्हो) लाई स्वागत गरिने पत्रकार सम्मेलनमा जानकारी दिए। विभिन्न १२ वटा जीवजन्तुको नामबाट गणना गरिने ल्हो परम्पराअनुसार ड्रागन वर्गलाई बिदाइ र सर्प वर्गलाई स्वागत गर्न लागिएको उनले बताए। गोलेका अनुसार सांस्कृतिक महत्त्वको यो चाडअन्तर्गत ल्हो (वर्ग) फेर्ने दिनलाई नयाँ वर्षको रूपमा लिइन्छ। चन्द्रपात्रोमा आधारित मञ्जुश्री संवत्को नयाँ वर्ष सोही दिनबाट सुरु हुने भएकोले सोनाम ल्होछार मान्ने समुदायले नयाँ वर्षको रूपमा लिने गरिएको हो। गोलेका अनुसार 'ल्हो' को अर्थ वर्ग र 'छार'को अर्थ नयाँ हुन्छ। सोनाम ल्होछार नेपालसहित चीन, मंगोलियालगायत विश्वका विभिन्न देशमा मनाइने गरिएको उनले बताए।

कुवेतमा रोजगार कम्पनी : NAIL IT LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | LT. No. 317734 | चलानी नं. ६०२३२०२२

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव KD	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beauty Salon employee	0	5	150	६७,२८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Hair Dresser/Hair Stylist	0	5	150	६७,२८५							
3.	MANICURIST/PEDICURIST	0	5	150	६७,२८५							
4.	Nail Technicians	0	5	150	६७,२८५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

युएइमा रोजगार कम्पनी : ARAR INFRA CONTRACTING CO LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | LT. No. 317750 | चलानी नं. ६०२३१९८३

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Helper	44	0	1000	३७,६३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com
श्रम इजाजत नं. 1536/078/79

युएईमा रोजगार कम्पनी : METSCO STEEL CONSTRUCTION CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१४ | LT. No. 312475 | चलानी नं. ६०२२६९५७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Steel Erection Fitters	20	0	1200	४५,१५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Steel Erectors	10	0	1200	४५,१५५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Zhrh Al-mda'in Llkhdmat

पूर्व स्वीकृति मिति २०८१/१०/१४ | LT. No. 317805 | चलानी नं. ६०२३२०६२

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Driver	1	0	1500	५६,८४८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Dry Clean Worker	0	4	1100	४१,६८९							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4st Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

सामाजिक सुरक्षा: रु.२,०००/- कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि.शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal
Tel: 01-5911215, Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np
Govt. License 1544/078/079

बागमती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१०/१५ गते

बागमती गाउँ कार्यपालिका कार्यालयको प्रथम पटक मिति २०८१/०९/०३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको लागि यो आशयको सूचना सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल

क्र. सं.	बोलपत्र नं	कामको विवरण	सफल बोलपत्रदाताको नाम र ठेगाना	प्रस्तावित रकम (VAT & PS सहित रु.)	कैफियत
१	BRM/NCB/WORKS/007/2081/082	Construction of RCC Multi span box Culvert at bagmati-6, Makwanpur	Alive Construction Pvt.Ltd.,Hetauda-11, Makawanpur, Nepal	५९,९४,२६१.०४	

प्रमुख प्रशासकीय अधिकृत

Madhesh Province Government
Ministry of Health and Population

Province Health Logistic Management Center

Janakpurdham, Dhanusha

Bid Addendum Notice

Bid Addendum Publication Date: 28 January 2025

Bid Addendum is uploaded for following Bid published on corresponding date. For more details visit PPMO eGP system www.bolpatra.gov.np/egp

IFB No.	IFB Name	Publication Date	Last Date of Bid Submission
MP/PHLMC/NCB/GOODS-13/2081-082	The Procurement and Delivery of Staining and Desmearing Digital Morphology Device, Hybrid Urine Analyzer, Coagulation and POCT Analyzer	2 January 2025	2 February 2025

(Director)

Shailung Rural Municipality

Office of the Rural Municipal Executive
Katakuti, Dolakha
Bagamati Province, Nepal

Invitation for Bid

Date of Publication: 2081/10/15 (28th January 2025)

Shailung Rural Municipality, Katakuti, Dolakha office invites Single-Stage Two Envelope Bidding Procedure only electronic bids from all Nepalese eligible bidders for the mention in the table below on or before 2081/11/18 (2nd March 2025) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality, Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

S.N	Name of Project	Contract ID	Bid Security (NRs.)	Bid Document Fee (NRs.)
1	Construction of different infrastructure around at Shailung Aadharbhut Swsthya Sewa Kendra(Proposed Shailung Hospital)	SRM/NCB/W/15-2081/082	6,50,000.00	5000.00

Chief Administrative Officer

रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना मिति: २०८१।१०।१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम यस रोशी गाउँपालिकाबाट आ. व २०८१।८२ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसूची-५ मा तोकिएको दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

ठेक्का सम्बन्धी विवरण:

क्र. सं.	आन्तरिक आय ठेक्का संकेत	ठेक्काको विषय क्षेत्र	आ.व २०८१/८२ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक)	बोलपत्र दस्तुर	स्वीकृत दररेट (मू.अ.कर बाहेक)	धरौटी जमानत रकम
१	RRM/IR/7 - 2081/082	रोशी गाउँपालिका ८ र ९ नार्के खोलाको बगर क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा आदि प्राकृतिक एवं नदिजन्य वस्तुको बिक्री शुल्क	६९,५८,२४७।२३ (रू. उनान्सत्तरी लाख अन्ठाउन्न हजार दुई सय सत्चालिस रूपैया र पैसा तेइस मात्र)	३,०००/-	ढुंगा, गिट्टी, बालुवा, ग्राभेल प्रति घनफिट (मु.अ.कर बाहेक) रू. ७।-	मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत

शर्तहरु :

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, यस गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०३६१८२११५५०, राजस्व शीर्षक नं. १४२२९ मा जम्मा गरी श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp system बाट Bid Document खरिद गरि मिति २०८१।११।१५ गते दिनको १२:० बजेसम्म E-Bidding मार्फत पेश गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको धरौटी खाता नं.०३६१५०३१७२१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

३. यस सम्बन्धमा थप जानकारी रोशी गाउँपालिकाको कार्यालय रोशी- ७ अमलटार, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिने छ । साथै ठेक्का सम्बन्धी कुनै जानकारी आवश्यक रहेमा ९८४१-४२४२४२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

सम्पादकीय

दबाउने रणनीति नबनाऊ

मुलुका दुई ठूला दल मिलेर बनेको सरकार अहिले विभिन्न कारण विवादमा तानिएको छ । अध्यादेश, तरल अर्थतन्त्र, जनतामाथिको दमन आदि कारण चौतर्फी विवादमा तानिएको हो सरकार । प्रधानमन्त्रीदेखि मन्त्रीले कुनै पनि प्रगति विवरण देखाउन सकेका छैनन् । प्रधामन्त्रीले मन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेको खबर केही समयअघि दैनिक आउँथे । तर नेपाली कांग्रेस र नेकपा एमालेको गठजोडमा बनेको यो सरकार सुरुआतदेखि नै विवाद र तनावपूर्ण तरिकाले अघि बढिरहेको छ ।

कूटनीतिमा असफल, उपत्यकामा बाढीपहिरोमा पर्दा उद्धारमा असफल, अर्थतन्त्र सुधारमा असफल । सरकार जताततै असफलताको ओरालोतिर ओर्लिरहेको छ । दैनानुदिन युवा शक्ति विदेसिरहेका छन् । रेमिटचान्स वृद्धिदर नराम्रोसँग ओरालो लागेको छ । यस्तो अवस्थामा पनि कांग्रेस–एमाले मिलेर बनेको सरकार धमाका गर्छु भन्दै धमास देखाउन पछि पर्दैन ।

अर्थतन्त्र ओरालो लागेपछि केही गर्छु भनेर अध्यादेश ल्याएको हो सरकारले । तर सदनलाई निकै पर धकेलेर जबरजस्ती अध्यादेश ल्याउने काम सरकारले गऱ्यो । जुन सजिलै सदनबाटै ल्याउन सकिन्थ्यो । यी विषयहरूले सदनमा बुलन्द स्थान पाउने देखिन्छ । यसैगरी ताप्लेजुङको मुक्कुम्लुङ क्षेत्रमा प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वले आदिवासीलाई दबाउने काम गऱ्यो ।

अहिले प्रतिपक्ष कमजोर छ भनेर सरकार हात बाँधेर बसेको छ । अब माघ १८ बाट सदन खुल्दै छ । त्यहाँ जनताको पक्षबाट सत्तारुढ दलकै नेताहरूले सरकारको विरोध गर्ने छ । ओली नेतृत्वको एमालेका सांसदहरू मौन बस्लान्, तर लोकतान्त्रिक दल नेपाली कांग्रेसका सांसदहरू आवाज उठाउनमा माहिर छन् । त्यसैले सरकार अहिले नै आत्तिएको छ सदनदेखि ।

त्यसैले सत्तारुढ दलले सोमबार साँझ नै सरकारको कामको विषयमा एक ढिक्का भएर अघि बढ्ने निर्णय गरेको छ । उक्त निर्णय कांग्रेस सांसदहरूले आचारसंहिताको रूपमा मात्र लिने देखिएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले कानुनविद् नै ल्याएर पढाउन भ्याइसकेका छन् । आइतबारबाट सुरु भएको संसदीय दलको बैठकमा देउवाले कानुनविद् ल्याएर अध्यादेश भनेको कानुनमै भएकोले विरोध गर्नु ठीक नहुने ज्ञान दिइसकेका छन् । यसका बाबजुद् कांग्रेस सांसदहरूले प्रश्न गर्न छाड्लान भन्न सकिन्न । तर आफ्नै कामबाट तर्सिएको सरकारले आफ्नो खोट देखाउँला भनेर अहिले नै मुखमा बुजो लगाउने प्रयास गरेको छ । यस्तो रणनीति नबनाएकै राम्रो ।

स्वच्छ ऊर्जा रूपान्तरणमा नेपालले लिएको बाटो

नवराज ढकाल

> आज माघ १५ गते नेपालमा उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउने स्वच्छ ऊर्जा रूपान्तरणलाई तीव्रता दिनका लागि सरोकारवालाहरूबीच अनुभव आदानप्रदान, लगानीको अवसरबारे अन्तर्क्रिया एवं आवश्यक रणनीति तर्जुमाका लागि उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रूपान्तरणसम्बन्धी सम्मेलन हुँदै छ । सम्मेलनबाट ऊर्जा रूपान्तरणका लागि क्षेत्रगत आवश्यकताको पहिचान, ऊर्जा रूपान्तरणका लागि लगानी आवश्यकता र जलवायु वित्तका लागि विभिन्न संयन्त्रहरूको पहिचान, लगानी अभिवृद्धि एवं विकास सहकार्य थप मजबुत हुने अपेक्षा रहेको छ । साथै, यस सम्मेलनबाट नेपाल सरकारबाट हालै स्वीकृत 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' र 'विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरणसम्बन्धी कार्ययोजना, २०८०' को प्रभावकारी कार्यान्वयनका लागिसमेत सहयोग पुग्ने छ ।

जलवायु परिवर्तनबाट सिर्जित असरलाई न्यूनीकरण गर्नका लागि स्वच्छ ऊर्जा रूपान्तरण अपरिहार्य रहेको छ । स्वच्छ ऊर्जा रूपान्तरणको अवधारणालाई विश्वव्यापीरूपमा बहसमा ल्याउने कार्यको सुरुआत जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय अन्तरसरकारी संस्था (आइपिसिसी)ले गरेको पाइन्छ । पृथ्वीको तापमान वृद्धिको प्रमुख कारक तत्त्वको रूपमा लिइएको हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणका लागि स्वच्छ ऊर्जाको व्यापकरूपमा प्रवर्द्धन र विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

नेपालको परिवेशमा स्वच्छ ऊर्जा रूपान्तरणलाई अघि बढाउन नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा आयोजित २१औं जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप–२१) को अवसरमा जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता भयो जसमा विश्वका प्रायः सबै देश सामेल थिए । यो सम्झौतालाई पृथ्वीमा बसोबास गर्ने मानव जातिको हितका लागि महत्त्वपूर्ण सम्झौताको रूपमा लिइन्छ । जलवायु परिवर्तनबाट सिर्जित विभिन्न समस्याहरू विश्व तापमानमा वृद्धि, जलवायु संकट, जलवायुजन्य प्रकोप आदिको यही सम्झौताको आधारमा सम्बोधन गर्ने पहल भइरहेको छ । नेपालले पेरिस सम्झौताअन्तर्गत तयार गरेको राष्ट्रिय निर्धारित योगदान र सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीतिमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाएको छ । जसमा स्वच्छ ऊर्जा उत्पादनदेखि उपयोगसम्मका विभिन्न लक्ष्यहरू समेटिएका छन् ।

जलवायु परिवर्तनको असर प्रायः सबै क्षेत्रमा परिरहेको सन्दर्भमा यसलाई न्यूनीकरण गर्न हरेक क्षेत्रबाट रणनीति तय गर्न जरूरी देखिन्छ । स्वच्छ ऊर्जा उपयोग गर्न सकेमा नेपालले पेट्रोलियम पदार्थ आयातमा वार्षिकरूपमा खर्च हुने करिब साढे दुई खर्ब रूपैयाँ बचत गर्न सक्दछ भने परम्परागत ऊर्जामाथिको निर्भरतामा पनि कमी आउँछ । यसका लागि ऊर्जा रूपान्तरण प्रभावकारी माध्यम मानिएको छ र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामार्फत यस दिशामा कार्य गरिरहेको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयअन्तर्गत रही नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्य गर्ने नेपाल सरकारको प्रमुख निकाय हो । केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरूको प्रवर्द्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने र ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरूसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँदै आएको छ । साथै, नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन परियोजनाहरूको विकास तथा हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायको रूपमासमेत कार्य गर्दै आएको छ ।

केन्द्रले सबैमा स्वच्छ ऊर्जाको सर्वसुलभ पहुँच पुऱ्याउने सरकारको नीतिलाई कार्यान्वयन गर्न विद्युत् पहुँच पुग्न बाँकी रहेका भौगोलिक क्षेत्र तथा घरधुरीमा पूर्ण विद्युतीकरणका लागि एकीकृत योजना तयार गरी सोहीबमोजिम विद्युत् विस्तार कार्य गरिरहेको छ भने खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको पहुँच विस्तारका लागि विद्युतीय चुलो, बायोग्यास र सुधारिएको चुलोलगायतका प्रविधिहरू प्रवर्द्धन गर्दै आएको छ ।

नेपाल सरकारले सन् २०३५ सम्ममा जडित क्षकता २८ हजार ५०० मेगावाट र वार्षिक प्रतिव्यक्ति विद्युत् खपत एक हजार ५०० किलोवाट घण्टा (युनिट) पुऱ्याउने लक्ष्यसहित हालै स्वीकृत गरेको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' मा राष्ट्रिय ग्रिड नपुगेका स्थानहरूमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युतमार्फत आगामी दुई वर्षभित्र सतप्रतिशत घरधुरीमा विद्युत् पुऱ्याउने, राष्ट्रिय ग्रिडमा आबद्ध नभएका विद्युतीय पूर्वाधारलाई ग्रिडमा आबद्ध गर्दै जाने, फोहोरबाट ऊर्जा उत्पादन गर्ने, सौर्य विद्युत् खरिद बिक्रीका लागि आवश्यक व्यवस्था मिलाउने, वायु ऊर्जालाई ग्रिडमा आबद्ध गर्न सम्भाव्यता अध्ययन गर्ने, ग्रिड जडित ऊर्जा भण्डारण प्रणाली (ग्रिड कनेक्टेड इनर्जी स्टोरेज सिस्टम) का लागि विद्युत् खरिद बिक्री दर निर्धारण गर्ने, ऊर्जा दक्षता अभिवृद्धिका लागि विद्युतीय उपकरणको मापदण्ड बनाई लागू गर्ने, ऊर्जा परीक्षण (इनर्जी अडिट) गर्ने, ऊर्जा रूपान्तरणका लागि विद्युतीय सवारीसाधन, विद्युतीय उपकरण र ग्रिन हाइड्रोजनलगायतका प्रविधिलाई प्रोत्साहन गर्ने र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कानुनी व्यवस्था गर्नेलगायतका नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा रूपान्तरणसम्बन्धी विभिन्न लक्ष्यहरू समेटिएका छन् ।

सबैमा विद्युत् पहुँच पुऱ्याउन तथा दिगो विकास लक्ष्यले लिएका नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा जलवायु परिवर्तनसँग सम्बन्धित लक्ष्यहरू हासिल गर्ने सरकारको प्राथमिकतामा केन्द्रको योगदान रहँदै आएको छ । केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनमार्फत आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने तथा ऊर्जा सुरक्षा सुनिश्चित गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । केन्द्रले विभिन्न घरायसी, संस्थागत र सामुदायिक नवीकरणीय ऊर्जा प्रविधिहरूको प्रवर्द्धन र विस्तारमार्फत हालसम्म समग्रमा देशका करिब ३६ लाख ५० हजार घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ । कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब चार प्रतिशत रहेको छ । केन्द्रले ऊर्जा क्षेत्रको विकास तथा विस्तारमा विभिन्न विकास साझेदार, सरकारी निकाय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था, वित्तीय संस्था तथा स्थानीय समुदायसँग सहकार्य गर्दै आएको छ ।

केन्द्रले स्थापनाको २८ वर्षको अवधिमा लघु तथा साना जलविद्युत आयोजनाबाट, ४० हजार २५३ किलोवाट विद्युत् ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, नौ लाख ९६ हजार ६४७ घरेलु सौर्य विद्युत् प्रणाली जडान भएका छन् । यसैगरी चार हजार ३३२ संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ९७ किलोवाट पिक सौर्य मिनि ग्रिड, सौर्य वायु मिनि ग्रिड जडान, १८ हजार २९३ किलोवाट पिक सौर्य रूफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, तीन हजार ६९१ सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ३२ हजार २११ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ५९ हजार ३८५ विद्युतीय चुलो, चार लाख ५० हजार ७७० घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३६९ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, एक हजार ७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक वत्ती र चार हजार ७५८ मठ, मन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान/निर्माण गर्न सफल भएको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि (क्लिन कुकिङ) को क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनी क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

संयुक्त राष्ट्रसंघले 'पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणी जगतको हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रूपान्तरणका लागि सचेतना जगाउने र सोहीबमोजिमका क्रियाकलापहरू सञ्चालन गर्ने' उद्देश्यका साथ सन् २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसको रूपमा मनाउने घोषणा गरेको सन्दर्भमा यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरू गरेर मनाउने गरिन्छ । नेपालमा पनि यस वर्ष अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाइरहेको छ । केन्द्रले यही माघ १३ देखि १५ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाउने क्रममा पहिलो दिन यस क्षेत्रसँग सम्बन्धित समस्या, चुनौति तथा अवसरहरूको बारेमा सरोकारवालाहरूसँगको अन्तर्क्रिया गरेको छ भने दोस्रो दिन नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको अवस्था, सरकारको प्राथमिकता तथा आवश्यकता सम्बन्धमा जानकारी गराउने, विकास साझेदारहरूको प्राथमिकता सम्बन्धमा जानकारी हासिल गर्ने एवं आगामी सहकार्य सम्बन्धमा विकास साझेदारहरूसँग छलफल गर्ने कार्य गरेको छ । तेस्रो दिन आज माघ १५ गते नेपालमा उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउने स्वच्छ ऊर्जा रूपान्तरणलाई तीव्रता दिनका लागि सरोकारवालाहरूबीच अनुभव आदानप्रदान, लगानीको अवसरबारे अन्तर्क्रिया एवं आवश्यक रणनीति तर्जुमाका लागि उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रूपान्तरणसम्बन्धी सम्मेलन हुँदै छ ।

ऊर्जा रूपान्तरणको क्षेत्रगत अवस्था, अवसर तथा चुनौती, खुद शून्य उत्सर्जन र उत्थानशील अर्थतन्त्रको लक्ष्य हासिलका लागि ऊर्जा रूपान्तरण, ऊर्जा रूपान्तरणका लागि लगानी तथा कार्बन वित्तः आन्तरिक र बाहय लगानीको आवश्यकता, ऊर्जा रूपान्तरणका लागि नियामक ढाँचा, सुशासन र क्षमता विकास न्यून कार्बनमा आधारित अर्थतन्त्रसहितको ऊर्जा रूपान्तरणका लागि भविष्यको मार्गचित्रलगायतका विषयवस्तु सम्मेलनको छलफलको प्रमुख विषयवस्तु हुने छन् ।

सम्मेलनबाट ऊर्जा रूपान्तरणका लागि क्षेत्रगत आवश्यकताको पहिचान, ऊर्जा रूपान्तरणका लागि लगानी आवश्यकता र जलवायु वित्तका लागि विभिन्न संयन्त्रहरूको पहिचान, लगानी अभिवृद्धि एवं विकास सहकार्य थप मजबुत हुने अपेक्षा रहेको छ । साथै, यस सम्मेलनबाट नेपाल सरकारबाट हालै स्वीकृत 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' र 'विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरणसम्बन्धी कार्ययोजना, २०८०' को प्रभावकारी कार्यान्वयनका लागिसमेत सहयोग पुग्ने छ ।

(लेखक वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक हुन् ।)

श्रम सरोकार

पहिलोपटक वैदेशिक रोजगारीमा जाँदा यी कुरामा ध्यान दिऔं

वैदेशिक रोजगारीमा पहिलोपटक जाँदै हुनुहुन्छ भने विमानस्थलमा पुग्ने समयदेखि विभिन्न कुरामा ख्याल गर्नुपर्छ । अन्यथा दुःख पाइनुका साथै उडान नै छुट्ने जोखिम हुन्छ । साथै विमानस्थलमा अन्य विषयमा पनि ध्यान दिन जरुरी छ ।

विदेश जाँदा हवाइ टिकट हेरी उल्लिखित प्रस्थान समयभन्दा कम्तीमा तीन घण्टाअघि नै विमानस्थलमा पुग्नुपर्छ । वैदेशिक रोजगारमा जानेहरूका लागि अचेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिरिक्त चेकजाँच हुन्छन् र प्रायः भीडभाड नै हुने भएकाले यी चेकजाँचमा पनि धेरै नै समय लाग्दछ । टिकटमा तोकिएको तौल सीमाभन्दा बढी र जहाजमा बर्जित सामानहरू जस्तैः लाइटर, चक्कु, झोल कुरा, क्रिम, अल्कोहलजन्य पदार्थ, लागुऔषध तथा लेभल नलागेका शंकास्पद खाद्यसामग्री लैजानु हुँदैन ।

प्रतिबन्धित सामग्री भेटिएमा जेल सजायसमेत हुनसक्छ । एयरलाइन्सले टिकट, पासपोर्ट, भिसा सबै चेक गरेपछि बोर्डिङ पास दिन्छ र सामान तथा हाते व्यागका लागिसमेत टचाग दिन्छ । यी टचागहरूलाई सुरक्षित राख्नुपर्दछ, सामान हराएमा यही टचाग देखाएर क्षतिपूर्ति लिन सकिन्छ । सबै कागजातहरू हाते ब्यागमा या हातैमा राख्नुपर्छ र जहाँ–जहाँ मागिन्छ तुरून्तै देखाउनुपर्दछ ।

कुनै पनि कागजातहरू केरमेट गरिएको हुनुहुँदैन । अरबी या अंग्रेजीबाहेकका विदेशी भाषाका डकुमेन्टहरू पहिल्यै अंग्रेजीमा (मान्यताप्राप्त अनुवादकबाट) अनुवाद गराइएको हुनुपर्दछ । विमानस्थलमा जाँदा र उत्रिँदा, अलमल नगरी, शिष्ट र सभ्य बनी लाइनमा उभिनुपर्छ र जाँचकी तथा सुरक्षाकर्मीले सोधेका प्रश्नहरूको स्पष्ट जवाफ दिँदै मागेका कागजात देखाउनुपर्दछ । अन्तिममा अध्यागमनका कर्मचारीले पासपोर्टमा 'डिपार्चर स्टचाम्प (छाप)' लगाइदिन्छन् र यही नै विदेश उडेको रेकर्ड पनि हुन जान्छ । यो छाप लागे नलागेको निर्क्योल गर्नुपर्छ ।

गन्तव्यमुलुकको विमानस्थलमा उत्रिएपछि त्यहाँको अध्यागमनको प्रक्रियाहरू पूरा गर्नुपर्दछ । रोजगारदाता कम्पनीको नाम, ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बरहरू मोबाइल नम्बरसमेत अनिवार्य लिनुपर्दछ । त्यहाँको नेपाली दूतावास साथै एनआरएनएजस्ता सहयोगी संस्थाका सम्पर्क नम्बर पनि लिएर जाँदा राम्रो हुन्छ ।

बैकुण्ठ भण्डारी

मारिएर बन्यो सालिक, मार्न लगाएर भयो मालिक !

'दिन सबैको आउँछ ! फालेको ढुंगाको पनि दिन आउँछ ।' बूढापाकाले त्यसै भनेको कहाँ हो र । अघिल्लो वर्ष पनि आएको थियो, अलि धेरै चिसो र हुस्सु लिएर । तर यो वर्ष बिहानी तातिरहेको थियो । अघिल्लो दिनसम्म सडकमा ओहोरदोहोर गर्ने कहीँ नटिकेर नेपाल पठाइ सवारीसाधनका कारण उडेको धूलोले धुलाम्य भएको थियो सुनौला रङ पोतिएको सालिक ।

अघि–पछि धेरैले देख्थे, हेर्दैनथे । ठिंग उभिएको सुनौलो शुक्रराज शास्त्री वर्षमा एकपटक रंगिएका थिए, शुक्रराजमात्र कहाँ हो र ? धर्मभक्तलाई पनि रंगाइएको छ, कालोले लिपेर । दशरथ चन्द र गंगालाल पनि सिँगारिएका छन् । मिल्ने भए त्यही अर्धकदको सालिकबाट ङिच्च हाँसिदिन्थे होला, 'तिमेरुका पारा, स्यालहरू ! कति घिच्न सक्छौं घिच । कति लुट्न सक्छौं लुट । अब त हामीले के नै पो गर्न सक्छौं र !' भन्दै ।

सत्ताका लागि विचार, सिद्धान्त र स्वाभिमान नगुमाएकै कारण हामी सालिक भयौं । लोभीपापी भएर स्वार्थमा लीप्त तिमीहरू मालिक बनिरहेको छौं ।

'हुँदैन बिहानी मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मुलुक दुई–चार सपुत मरेर नगए ।'

टेकुको रुखमुनि पहँलै उभिएका शुक्रराज भन्दै थिए । राणालाई घुँडा टेकायौं, हामीले शिर झुकाएनौं बलिदान दियौं । त्यसैले हामीलाई भूमि लेखिदिए । तर अहिलेका मालिकहरूले हामीलाई हाँसोमा नै मेटिदिएका छन् । शोषक सामन्तको अत्याचारका विरुद्ध हामी चिच्याउँथ्यो, कराउँथ्यो र त हामी मारिएर सालिक भयौं ।

उता सिफलको ओरालोमा कालै बनाएका अर्धकदमा धर्मभक्तका आँखाबाट आँसु झरिरहेका थिए । उनको आँसु मुस्काउँदै पुष्पगुच्छा लिएर जानेले के देख्थे र ? न त संघर्ष त प्रताडित बन्नु परेको । बरु अरुलाई सहिद बनाएरै सालिकका सामु मालिक हुन पाएको ।

त्यही सालिकमा फनफनी घुमेर एउटा जिउँदो सहिद सालिक बनिसकेको धर्मभक्तलाई च्याप्प समाएर चिच्याउँदै थियो । डाँको छाडेर रुँदै थियो । अरु त तमासे न परे ! एक दिनका लागि गइदिएका । धन्न तिमी मरेर गयौं, सालिक बन्यौं अदृश्यरूपमा तमासा देखिरहेका छौं । हिक्कहिक्क गर्दै भन्दै थिए, 'तिम्रा सपनालाई कुल्चिएर, विचार, सिद्धान्तलाई बिर्सिएर । केवल आफ्नौ स्वार्थ र सत्ताका लागि लिप्सिएकाहरूबाट म त आजित बनिसकें ।' वरपर रहेकाहरू अचम्मित बनिरहेका थिए ।

आँसु पुछ्दै, थाहा छ धर्मभक्त तिमीलाई तिमीहरूले बलिदानी दियौं । झुक्दै झुकेनौ बरु बलि चढ्न तयार भयौं र सालिक भयौं । अहिले हेर त आफैं सामन्त बनेर, निमुखा र गरिबलाई मारेर मालिक बनिरहेका छन् ।' उनी सुनाउँछन् आमा, त्यो आउँछ र ?

'हो, बा, त्यो आउँछ
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ
त्यसको कम्मरमा झुन्डिएको शितजस्तै टल्कने तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर छामछुम गर्ने छौं तर त्यो हिउँ र आगोभन्दा पनि बढ्ता छोइने भएर आउँछ'

गोपालप्रसाद रिमालले त्यसै भनेका हो र ?

विचरा निर्जिव सालिकलाई भए पनि सुनाउन पाएको गर्व गरिरहेको छ । म त जिउँदो सहिद । मैले बोलेको सुनिदिने कोही छैन । त्यसैले आजको तिमीलाई मृत्युदण्ड दिइएको दिन सुनाउन आएँ । माफ गर धर्मभक्त । निरंकुश सामन्तवादलाई अन्त्य गर्ने तिमीहरूलाई सालिक बनाएर अहिले मालिक बन्नेहरू आधुनिक सामन्त बनिरहेका छन् ।

सबै भ्याऽऽ भ्या र म्याँऽ म्याँ मात्र गर्छन् । त्यो प्रजातन्त्र बनेर आयो । लोकतन्त्र भएर मुस्कुरायो अनि गणतन्त्र भएर थकाइरहेको छ । जसका लागि आउनुपर्ने हो त्यसका लागि आउँदै आएन । सहिदको सपना तिम्रा सालिक देखाएर अहिलेका मालिकहरू जनभावनामा बलात्कार गरे । ऊ अझै डाँको छाँडेर रुन्छ । फनफनी धर्मभक्तको सालिक घुम्छ । जिंग्रिन्छ केश पारेर फेरि सालिकलाई प्रश्न गर्छ । ए सालिकऽ भनिदेऊ तिमी र तिमीजस्तालाई मारेर मालिक बन्नेहरूलाई । हामीले गल्ती गरेछौं, तिमीजस्ता बज्रस्वाँठहरूलाई यहाँ पुऱ्यायौं ।

ऊ जति नै कराओस् न । जति नै चिच्याओस् न । सुन्ने को नै पो थियो र ? हरेक वर्ष ऊ यसैगरी आउँछ कराउँछ, जान्छ । तर त्यसपछि कतै देखिन्न यो मान्छे कहाँ जान्छ थाहा छैन । को हो पनि थाहा छैन । सालिकको छेउमा उभिएर नियालिरहेका अर्को व्यक्तिले भन्दै थिए ।

उता टेकुतिरबाट शुक्रराज कराउँदै थिए । भैगो छाडिदिउँ । अब कसैलाई केही बनाउने होइन । नागरिकलाई जागरुक बनाऊ चेतनशील बनाऊ । निरंकुशता आफैं ढल्छ । निरंकुश शासनसत्ता आफैं पतन हुन्छ ।

उता शोभाभगवतीतिर दशरथ र गंगालाल आफैं–आफैं कानेखुसी गर्दै थिए । सत्ताका लोभी सामन्तवाद सँगै कहिल्यै पर जाँदैन । डरले थर थर काँप्छ । ऊसँग बसेर हो मा हो मिलाउँछ । 'ल नपत्याए हेर त गंगालाल' दशरथ भन्दै थिए ।

त्यही त विचारलाई मारेर अगाडि बढ्ने विचार, सिद्धान्त र व्यवहार फरक गर्नेहरूबाट के अपेक्षा गर्छौं ? भो छाड । गंगलाल उत्तर दिँदै थिए । सत्ताको स्वादका लागि जस्तोसुक्कै विचार नमिल्नेसँग पनि घाँटी जोडेर राज्यसत्तामा बसिरहनेहरूलाई म के भनुँ । यिनीहरूबाट केही आशा नगर्नू ।

लडेर आएकाहरूबाट तिमी अपेक्षा गर्न सकिरहेका छैनौं भने लडाएर आएकाहरूबाट के पाउँछ । उनीहरू त सामन्तवादमात्र हुने । मर्नेहरू जहिले पनि सालिक नै हुन्छन्, अनि मार्न लगाउनेहरू सधैं नै मालिक नै हुन्छन् । ढुक्क होऔं ।

यिनको कुरा सुनेर टेकुतिरबाट खित्का छाड्दै हाँस्न थाले । भयो अब हामीले बोलेको कसैले सुन्न सक्दैन । सुन्न सक्नेले बोलेको त सुन्ने छैन भने तिमी त सालिक बनिसकेका छौं । फेरि किन वैराग्य बन्छौं ।

म खाऊँ मै लाऊँ, सुख–सयल वा मोज म गरूँ,
म बाचुँ मै नाचुँ, अरू सब मरून् दुर्वलहरू,
भनी दाह्रा धस्ने अबुझ शठदेखि छक परी,
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरि ।' उनै लेखनाथलाई छाडिदिउँ ।

हामी मारिएर सालिक भएकाहरू हौं । उनीहरू मार्न लगाएर मालिक बन्न सफल भएका छन् । आऊँ बरु हामी चारै जना सालिक मालिकको कर्मप्रति दयाभावले एकपटक खित्का छाडेर हाँसौं । सबै खिच्का छाडेर हाँस्छन् । सहिदहरूको सपना पूरा होस् वा नहोस् सत्तामा जानको पक्कै होस् ।

डकर्मी तालिम | डकर्मीसम्बन्धी तालिम लिँदै कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाका महिला । उक्त नगरपालिकाको सहयोगमा १२ वटै वडाका २० जना महिलालाई तीन महिने डकर्मी तालिम दिने कार्य भइरहेको छ । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

बाघ खोज्न चार स्थानमा जोडियो क्यामरा

नेपालगञ्ज (प्रस)- बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएपछि बाघ खोज्न सुरु गरिएको छ । महिलालाई आक्रमण गर्ने बाघले अन्य मानिसलाई पनि आक्रमण गर्ने सम्भावना रहेकाले खोजी सुरु गरिएको राप्तीसोनारी सव डिभिजन वन कार्यालय, शमशेरगञ्ज बाँकेले जनाएको छ ।

उक्त कार्यालयका प्रमुख मनोज शर्माले भगवती सामुदायिक वन क्षेत्रमा बाघको खोजीका लागि चार स्थानमा चार क्यामरा जडान भएको जानकारी दिए । बाघ र चितुवाजस्ता हिंस्रक जनावरले आक्रमण गर्न थालेपछि त्यसको तथ्य पत्ता लगाउन क्यामरा जडान गरिएको उनको भनाइ छ । 'जडान गरेको केही दिन भएको छ, तर अहिलेसम्म केही देखिएको छैन,' उनले भने । निकुञ्ज वरिपरिका बासिन्दालाई बाघसँग सचेत र सजग रहन आग्रह गरिएको पनि प्रमुख शर्माले बताए । क्यामराको सहयोगले बाघबारे सही जानकारी हासिल हुने उनको भनाइ छ ।

बाँकेको राप्तिसोनारी गाउँपालिका भगवती सामुदायिक वनमा जंगली बाघको आक्रमणमा परी एक महिलाको ज्यान गएपछि उक्त वन क्षेत्रमा क्यामरा जडान गरिएको भगवती सामुदायिक वनका अध्यक्ष टीकाराम वलीले बताए । गत बुधबार राप्तीसोनारी गाउँपालिका-८ की ६७ वर्षीया चेती बुढाको बाघको आक्रमणबाट मृत्यु भएको थियो ।

स्थानीयका अनुसार सो जंगलमा यसअघि बाघ नदेखिएको तर बँदेल, चित्तल, जरायो भने देखिने गरेको थियो । यसअघि पनि गाउँलेका १० वटा बाख्रा बाघले मारेको थियो । सो सामुदायिक वननजिक बाँके राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पर्छ ।

'द्वन्द्व निरूपणको कार्य सरकारको प्राथमिकतामा'

अर्घाखाँची (प्रस)- लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले द्वन्द्व निरूपणको कार्यलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन् । अमर प्रहरी परिवार र अशक्त प्रहरी संघ लुम्बिनी प्रदेश समितिसँग सोमबार छलफल गर्दै उनले संघीय सरकारले द्वन्द्व परिपुरणको कामलाई अघि बढाउन तथा प्रदेश सरकारले द्वन्द्वपीडितको उपचार र उद्यमशीलतालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

'द्वन्द्वको घाउ सधैंका लागि मेटाउनेगरी सरकारले काम अघि बढाएको छ । कानुनीरूपमा नै यो समस्या समाधान गर्न सरकारले विधेयकसमेत पारित गरेर कार्यान्वयनको चरणमा पुऱ्याएको छ,' मुख्यमन्त्री आचार्यले भने, 'प्रदेश स्थापना भएदेखि नै द्वन्द्वपीडित र तिनका परिवारका सदस्यको उपचार निःशुल्क गर्ने, उत्पादनसँग जोड्न सीपमूलक तालिम सञ्चालन गरिएका छन् ।'

द्वन्द्वपीडितको समस्या समाधान गर्न संघीय सरकारले काम गरिरहेको र सत्य निरूपण तथा मेलमिलाप आयोग गठनको कामलाई पनि सहमतिको आधारमा अघि बढाउने प्रयत्न सरकारले गरेको उनको भनाइ थियो ।

उक्त अवसरमा असक्त प्रहरी संघ लुम्बिनी प्रदेशका संस्थापक अध्यक्ष तथा संरक्षक नवराज श्रेष्ठ र कोषाध्यक्ष हरि सुनारले परिपुरणका योजनासँग जोडिएका विषय समेटिएको ज्ञापनपत्र मुख्यमन्त्री आचार्यलाई बुझाएका थिए ।

निजी हात्तीः पहिले रहर अहिले कहर, व्यवसायी मारमा

■ नारायण अधिकारी

चितवन– सौराहाको होटल भिष्टा चितवनका दुई हात्ती अहिले बाघमारा वनमा राखिएका छन् । बढ्दो चिसोमा ती हात्ती खुला आकाशमुनि बाँधिएका छन् ।

निजी हात्तीका कारण जंगली हात्ती बस्तीमा आएको भन्दै ती हात्तीलाई वन क्षेत्रमा राखिएको हो । होटलमा हात्ती राख्नका लागि छानो हालिएको भए पनि अहिले राखिएका ठाउँमा त्यो सुविधा छैन । होटल भिष्टा चितवनका सञ्चालक रमेश सिलवाल शीतलहरमा खुला आकाशमुनि हात्ती राख्नुपर्दा बिरामी हुने चिन्ता बढेको बताउँछन् । उनले भने, 'पहिले पहिले हात्ती पाल्न रहर हुन्थ्यो, अहिले कहर भएको छ ।' उनले थपे, 'पालिएका हात्ती न आफ्नै हात्तीसारमा राख्न पाइएको छ, न बिक्री गर्न पाइन्छ, न कतै पठाउन सकिन्छ ।' पशुअधिकार भन्दै पर्यटकलाई घुमाउँदासमेत आरोप खेप्नुपरेको उनको गुनासो छ ।

एउटा हात्तीलाई दुईजना माउते आवश्यक पर्दछ । यसका अतिरिक्त हात्तीलाई धान, पराल, भेली, चना, हरियो घाँस आदि जुटाएर पाल्नुपर्दा एक महिनामा एक लाख रूपैयाँभन्दा बढी खर्च हुने उनले जानकारी दिए । यो मौसममा जंगली भाले हात्ती बस्ती पस्न थालेपछि स्थानीयले एकीकृतरूपमा हात्ती पाल्न दबाब दिँदै आएका छन् । जंगली हात्तीले होटल तथा व्यक्तिका घरमा पालिएका पोथी हात्ती खोज्दै बस्ती पस्ने गरेको स्थानीयको भनाइ छ । केही महिनाअघिदेखि जंगली हात्ती 'मकुना' बस्ती छिर्दै आएको छ । पछिल्ला दिनमा निजी हात्ती पालकहरूमा आफूले पालेका हात्ती कसरी व्यवस्थित गर्ने भन्ने चिन्ता बढेको छ । चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएसँगै निकुञ्ज आसपासका क्षेत्रमा हात्ती पाल्न थालिएका हुन् ।

क्षेत्रीय होटल संघ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराई एकीकृत रूपमा हात्ती पाल्नका लागि सरकारी तवरबाट सहयोग हुनुपर्ने बताउँछन् । यो समस्या अहिलेको मात्र नभएर विगतका वर्षहरूदेखि झेल्दै आएको उनको भनाइ छ । पूर्वअध्यक्ष भट्टराईका अनुसार हात्तीको दैनिक आहार खर्च अत्यधिक बढेको, निकुञ्ज आउने पर्यटकको संख्या घटेको, पशुअधिकारका नाममा हात्ती चढ्नु अपराध हो भन्ने भाष्य सिर्जना गरिएको र जंगली हात्तीको आतंकका कारण आवश्यक स्याहारसुसारसहित घर कम्पाउन्डमा पाल्न नपाउने भएकाले हात्तीपालकहरूले अहिले अप्ठ्यारो अवस्था झेलिरहनुपरेका छन् ।

'जिप सफारी' सहित हात्ती चढी दुर्लभ एकसिंगे गैंडा, बाघ, चराचुरुंगीलगायत अनेकौं जीवजन्तु हेरी रमाउने पर्यटकका कारण चितवन राष्ट्रिय निकुञ्जमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनेको बताउँछन्, क्षेत्रीय होटल संघका अध्यक्ष गंगा गिरी बताउँछन् ।

यसैगरी, स्थानीय पर्यटन तथा होटल व्यावसायी सिलवालका अनुसार हात्तीपालनमा संलग्न व्यवसायीलाई सहयोगसहित कुनै पनि किसिमको सहुलियत नदिने हो भने यो व्यवसायबाट सबै विस्थापित हुने र त्यसको नकारात्मक प्रभाव निकुञ्ज केन्द्रित होटल व्यवसाय, रोजगारी र राजस्वमा असर पर्ने भएकाले समयमै सम्बन्धित पक्षका ध्यान जान आवश्यक छ ।

स्वदेश तथा विदेशमासमेत कहलिएको यो निकुञ्ज २०३० सालमा स्थापना भएको हो । सुरुका केही वर्ष निकुञ्जका हात्तीले पर्यटक घुमाउने गरेकामा पछिल्ला वर्षहरूमा क्रमशः निजी क्षेत्रबाट पालिएका हात्तीलाई पनि भित्र्याइएको छ । कोभिडको महामारी अघिसम्म एउटा हात्तीको मूल्य भारतीय ८० लाख रूपैयाँसम्म पर्ने गरेको व्यावसायीहरू बताउँछन् ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले यसरी हात्तीको दैनिक खर्च अत्यधिक हुने गरेको, विशेषगरी विदेशी पर्यटक हात्ती चढ्न छाडेको र यसअघिजस्तो आफ्नो घर कम्पाउन्डमा पाल्न नपाउने अवस्था सिर्जना भएकाले हात्ती पालक व्यवसायी मारमा परेका बताउँछन् । पर्यटकीयस्थल सौराहा आउने पर्यटकको संख्या कम हुन थालेपछि क्रमशः घट्दै १०० बाट अहिले यहाँ ४५ वटामात्र निजी हात्ती रहेको अध्यक्ष खतिवडाले जानकारी दिए । तीमध्ये ३० वटा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाअन्तर्गत रहेका छन् । अध्यक्ष खतिवडाले भने, 'निजी जग्गामा राख्दा वरिपरि घर हुन्छ । सामुदायिक वा मध्यवर्ती वन क्षेत्रका खाली ठाउँ पाए हामी एकीकृत गरेर हात्ती राख्न तयार छौं ।' सधैंका लागि एकीकृत ढंगबाट हात्ती राख्ने ठाउँको व्यवस्था भए आवश्यक संरचना व्यवसायी आफैंले बनाउने उनले बताए । हात्ती व्यक्तिको भए पनि कानुनका हिसाबले हात्ती सरकारीसरह नै हुने गर्दछ । हात्तीको किनबेच, ओसारपसार, मरेपछिको व्यवस्थापनलगायतका काममा सरकारको प्रत्यक्ष निगरानी हुने व्यवस्था छ ।

क्षेत्रीय होटल संघका अध्यक्ष गिरी निजी हात्ती आफ्नो जमिनमा नराख भन्न नसकिने उल्लेख गर्दै एकीकृतस्थल व्यवस्थापनका पक्षमा पहल भइरहेको बताउँछन् । उनले भने, 'बाघमारा र चित्रसेन वनक्षेत्रभित्र हात्ती राख्नका लागि ठाउँ छुट्याइदिनसक्यो भने अहिलेको समस्या समाधान हुन्छ ।' सफारी पर्यटनमा हात्तीको भूमिका महत्त्वपूर्ण छ । यहाँ आउने पर्यटकले हात्ती चढेर तीनै दुई वनभित्र घुम्ने गर्दछन् ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्त निजी हात्ती व्यवस्थापनको विषयमा छलफल भइरहेको बताउँछन् । एकीकृतरूपमा हात्ती राख्न सकेमा अहिले देखिएको समस्या केही हदसम्म कमी आउने उनको भनाइ छ । डा. पन्तले सरकारी जमिनमा निजी हात्ती राख्नका लागि नीतिगतरूपमा कानुनी व्यवस्था हुनुपर्ने भएकाले सम्बद्ध क्षेत्रका व्यवसायीको मागबमोजिम समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गरे । *रासस*

युएइमा रोजगार कम्पनी : Middle East manpower services

पूर्व स्वीकृति मिति : २०८०/०८/१० पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 291710 चलानी नं. ६०२०६९०५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	General Helpers	11	0	1000	५४,९६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Scaffolder	39	0	1200	५२,७७०							
3	Scaffolding Foreman	5	0	2000	५२,७७०							
4	Scaffolding Supervisor	5	25	2500	५२,७७०							
5	Skilled Labor	20	0	1200	५२,७७०							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

मलेसियामा रोजगार कम्पनी : VICTORY INVESTMENT COMPANY SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 317855 चलानी नं. ६०२३२०५४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	RM	ने.रू.							
1	Plantation Workers	50	0	1500	४७,३३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश ,नेपाल

आर्थिक प्रस्तावको लागि सफल भएको बारे सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१५

यस कार्यालयद्वारा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना मितिः-२०८१-०८-२१ गते बोलपत्र आव्हान सम्वन्धि सूचना बमोजिम तोकिएको अबधि भित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राबिधिक प्रस्ताव खोली मुल्यांकन समितिद्वारा मुल्यांकन पश्चात तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ अनुसार आर्थिक प्रस्ताव यहि मितिः-२०८१-१०-३० गते बुधबार दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैलाई जानकारीको लागि तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि न	ठेक्का नं.	ठेक्का शिर्षक	बोलपत्रदाताको नाम र ठेगाना
1.	Contract No. URM/ NCB/Works/ 04-2081/82	Construction and Upgrading of Nepaltar Udayapurgadhi Darbar Sadak Blacktop (Chainage0+000 to 4+000 Km)	1. M/S BHANUMATI NIRMAN SEWA, TRIYUGA NA.PA-12 2. M/S NATION-A. TO Z. BUILDERS JV, LALITPUR-15 3. M/S PABITRA NIRMAN SEWA, TRIYUGA NA.PA-11 4. M/S PRATIK/GLOBAL/ SHAKTIKUND JV, TRIYUGA NA.PA-8, UDAYAPUR 5. M/S LAMA-RS-NABITA AND LOPCHAN JV, KATHMANDU 6. M/S ADHIKARI-KBES-NNS JV, HATPATE-6, SINDHULI

प्रमुख प्रशासकिय अधिकृत

साउदीमा रोजगार कम्पनी : AL MANARAT GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/१० LT. No. 317577 चलानी नं.६०२३२०४३

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	KITCHEN WORKER	22	0	1000	३६,८४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : RED WAVE CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317815 चलानी नं.६०२३२०४०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	HEAVY TRUCK DRIVER	5	0	1900	७०,०१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
License No. : 1000/068/69
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

प्रभाव दैनिक

पूर्णिमाले ल्याइन् 'ल्हासो ल्हासो'

गायिका पूर्णिमा लामाले 'ल्हासो ल्हासो' बोलको गीत सार्वजनिक गरेकी छन् । गीतमा गायिका लामालाई स्वरमा दीपक तामाङले साथ दिएका छन् । गीतमा शब्द, संगीत र एरेन्ज समेत गायक तामाङकै छ । गल्छी गाउँपालिका ७ मछेडीखोला, धादिङकी पूर्णिमा लामा नेपाली गीत संगीत क्षेत्रमा लामो समयदेखि सक्रिय छन् । गायिका लामाले यो वर्ष मात्रै दर्जनौं गीत सार्वजनिक गरेकी छन् । उनका 'मुटु जली खरानी भो', 'फूल भनौं जिन्दगीलाई', 'धेरै माया नगर्नु यहाँ कसैलाई' जस्ता गीत चर्चित छन् ।

मंगलबार, १५ माघ २०८१ (Tuesday, January 28, 2025)

'लोकतान्त्रिक सांस्कृतिक अभियान'को तयारीमा लोकगायक विमलराज क्षेत्री

क्षेत्री लोकतान्त्रिक सांस्कृतिक जागरण अभियान

प्रभाव संवाददाता

काठमाडौं– लोकप्रिय गायक विमलराज क्षेत्रीले देशभर सांगीतिक कार्यक्रम गर्ने भएका छन् । 'विमलराज क्षेत्री लोकतान्त्रिक सांस्कृतिक अभियान' नाम दिइएको कार्यक्रम नेपाल सांस्कृतिक महासंघले आयोजना गर्न लागेको हो ।

सोमबार महासंघले बुढानिलकण्ठस्थित लेवन ट्री होटलमा एक कार्यक्रमको आयोजना सहित अभियानको विभिन्न पक्षबारे जानकारी दियो । कार्यक्रममा महासंघका अध्यक्ष तीर्थ बहादुर थापाले नेपाली कांग्रेसले गरेका क्रियाकलाप, उपलब्धि, सामाजिक रूपान्तरका महत्त्वपूर्ण घटनाहरू र भावी योजना देशभरका जनतासमक्ष पुर्याउन 'विमलराज क्षेत्री लोकतान्त्रिक सांस्कृतिक अभियान' सुरु गर्न लागेको बताए ।

'नेपाली कांग्रेसले यो देशका लागि गरेको जति महत्त्वपूर्ण काम र गतिविधि अन्य कुनै पार्टीको छैन । ती सबै कामको जानकारी जनतामाझ पुग्न सकेको छैन र अन्यले भ्रम पार्ने काम गरिरहेका छन्', थापाले भने, 'सांगीतिक माध्यमबाट ती सबै गतिविधि जनतामाझ अब पुग्छ ।' नेपालको महत्त्वपूर्ण अभियान र परिवर्तनमा नेपाली कलाकर्मीको महत्वलाई नेपाली कांग्रेसले सधैं आत्मसात् गर्दै आएकोले पनि कांग्रेसका विषयमा जनमानसमा रहेको केही भ्रम चिर्न पनि महासंघले यो अभियान सुरु गरेको थापाको भनाइ थियो ।

महासंघका महामन्त्री कलाकार शिवशंकर रिजाल 'जोगिन्दर'ले नेपाली कांग्रेसले कलाकर्मीलाई सधैं माया गरेर साथमा लिएर हिँड्दै आएको स्मरण गर्दै नेपाली जनतामाझ कांग्रेसलाई अझ नजिकबाट चिनाउन विमलराज क्षेत्री लोकतान्त्रिक अभियान महत्वपूर्ण हुने चर्चा गरे ।

नेपाली कांग्रेस महाधिवेशन सदस्य प्रभातमणी ओझाले विमलराज क्षेत्री लोकतान्त्रिक अभियानको नेपाली कांग्रेसका लागि किन महत्वपूर्ण भन्ने विषयमा प्रकाश पारे ।

नेपाल सांस्कृतिक महासंघकी कोषाध्यक्ष राधिका हमाल, बागमती प्रदेशका अध्यक्ष राजेन्द्र खत्री, कलाकार प्रभाकर देव शर्मा, मनोज केसी, सुनिल पुरी लगायतको थुप्रै व्यक्तिको उपस्थिति कार्यक्रममा थियो ।

कार्यक्रममा गायक विमलराज क्षेत्रीले 'विमलराज क्षेत्री लोकतान्त्रिक अभियान' आफूले सानैदेखि देखेको सपना भएको भन्दै अहिले आएर पुरा हुन लागेको बताए । 'मलाई सानैदेखि नेपाली कांग्रेसको चारतारे झण्डा लिएर देशभर सांस्कृतिक अभियान बनाएर घुम्ने रहर थियो । संसारभर पुग्ने रहर थियो', क्षेत्रीले भने 'त्यसको सुरुवात नेपाली सांस्कृतिक महासंघले गर्न लागेको छ । महासंघका सम्पूर्ण कार्यसमिति प्रति हार्दिक आभार व्यक्त गर्दछु ।' नेपाली कांग्रेसको इतिहास र भविष्यले आफूलाई सधैं चिन्तित तुल्याएको बताउने गायक क्षेत्रीले नेपाली कांग्रेसको इतिहास बिस्तारै छोपिँदै गएकोले सबैको जानकारी जनमाझ पुऱ्याउन आफ्नो अभियान महत्वपूर्ण हुने दाबी गरे ।

'नेपाली कांग्रेसको बिचार, विकासको हाइवे बेलाबेलामा पहिरो आएर पुरिन्छ', क्षेत्रीले थपे 'नेपाली कांग्रेसको काम अन्यले जस लिने काम भएको छ ।' अभियानमा नेपाली कांग्रेस, जनता सुखदुखका गीतहरू समेत गाउने उनले जानकारी दिए । 'यो लोकतान्त्रिक सांस्कृतिक अभियानले नेपाली जनतालाई कांग्रेससँग अझ नजिकसँग जोड्छ भन्ने विश्वास लिएको छु' उनले थपे ।

यही माघ २४ गते नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबाट उद्घाटनसहित कार्यक्रमको सुरुवात हुनेछ । कार्यक्रम पहिलो चरणमा सातै प्रदेशको एक-एक जिल्लामा सम्पन्न हुनेछ । त्यसपछि अन्य जिल्लामा कार्यक्रम हुनेछ । विभिन्न तामझाम सहित सांगीतिक माहोलमा आयोजना हुने कार्यक्रममा गायक विमलराज क्षेत्रीलाई गायनमा लोकप्रिय लोक गायिका राधिका हमालले साथ दिनेछिन् । कार्यक्रममा कलाकार शिवंकर रिजाल, सुजाना केसी, शिवहरी बैरागी, प्रभाकर शर्मा, ,ऋतु थापा, सन्ध्या सानु, शशी थापा पुन, विष्णु धामी, उमाशंकर जोशी, टिका कुमारी क्षेत्री लगायतको समेत विभिन्न सांगीतिक प्रस्तुति रहनेछ ।

तवलावादक भण्डारीलाई भारतको प्रतिष्ठित पुरस्कार

प्रभाव संवाददाता

काठमाडौं– नेपालका चर्चित तवलावादक अच्युतराम भण्डारी भारतको एक प्रतिष्ठित पुरस्कारबाट अभिनन्दित भएका छन् । दिल्लीस्थित तपसकुमार पाल एकेडेमीबाट वाद्यगुरु भण्डारी पुरस्कृत भएका हुन् । उक्त पुरस्कार पाउने उनी नेपाल पहिलो व्यक्ति भएको बताइएको छ ।

संगीतका माध्यमबाट धर्म, अर्थ, काम, मोक्षको धरातलमा टेकेर आहार, विहार, मुद्रा मैथुनका आहालमा मात्र रुमलिल्नु हुँदैन भन्ने दर्शनलाई व्यापकता दिन योगदान पुऱ्याएकोमा भण्डारीलाई उक्त सम्मान प्रदान गरिएको एकेडेमीले जानकारी दिएको छ ।

नेपाल शिवको नादबाट संगीत सिर्जना भएको मुहान हो भने, भारत गीत संगीतको विशाल समुद्र भएको बताइन्छ । यही तथ्यलाई अझै प्रस्टचाउँदै संगीतज्ञ भण्डारी भन्छन्, 'संगीत साधना गर्नु भनेको नाद ब्रह्मको उपासना हो भने संगीतमा पारंगत हुन एक जुनीले मात्र पुग्दैन । त्यस्ता अनेक अनेकौं जुनीबाट पारंगत संगीतका हस्थीहरूका बीच अभिन्दित हुन पाउँदा निकै गैरवान्वित महसुस गरें ।'

'जुना: एक व्यथा' को ट्रेलर सार्वजनिक

प्रभाव संवाददाता

काठमाडौं – बाल विवाह तथा महिला हिंसा निरुत्साहित गर्ने उद्देश्यले निर्माण गरिएको बहुप्रतिक्षारत फिल्म 'जुना: एक व्यथा' को ट्रेलर सार्वजनिक भएको छ ।

आगामी माघ २५ गते रिलिज हुने फिल्मको ट्रेलर राजधानीमा सोमबार एक कार्यक्रमबीच सार्वजनिक गरिएको हो । गोदावरी फिल्म प्रोडक्सन एण्ड रिसर्च प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा जीवन सेञ्चुरीको निर्देशन छ ।

ओएसआर डिजिटलबाट सार्वजनिक ट्रेलरमा बालिका भूमिकामा देखिएकी अस्मिता ढकालको विवाहदेखि गर्भवती अवस्थासम्मको पीडालाई देखाइएको छ । केटी माग्न गएको दृश्यदेखि सुरु ट्रेलरमा विवाह पछि बालिकालाई पति, सासुले दिएको दुःख र पीडालाई देखाइएको छ । गाउँका खलपात्रले उनलाई लगाएको कुदृष्टिलाई पनि ट्रेलरमा स्थान दिइएको छ ।

ट्रेलर निकै मार्मिक बनेको छ । बाल विवाह गरेपछि एउटा बालिकाको जीवनमा कस्तोसम्म पीडा र दुःखका दिन सुरुवात हुन्छ भन्ने कुरा ट्रेलरमा देखाइएको छ । छोरीलाई विवाह गरेपछि उसका बाबुआमाको छोरीप्रतिको पीरलाई पनि ट्रेलरमा समेटिएको छ ।

ट्रेलरमा अस्मितासँगै कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, अनिता बस्नेत, कमल बोहोरालगायतका कलाकारलाई समेटिएको छ । ट्रेलर रिलिज पछि फिल्मका निर्माता दीपकप्रसाद घिमिरेले फिल्ममा वास्तविकता भएकाले दर्शकलाई छुने बताए । 'हामी जुनसुकै पेशा व्यवसायमा भए पनि यो हाम्रै घरको र गाउँको कथा हो । यस्ता घटना नेपालमा मात्र नभई दक्षिण एसियामा पनि प्रशस्त छन् । यस्तो फिल्मले त्यस्तो हिंसाबाट बचाउन सहयोग गर्छ भन्नेमा हामी आशावादी छौं', उनले भने ।

निर्देशक जीवन सेञ्चुरीले फिल्मले नेपाली समाजमा व्याप्त महिला हिंसा, बाल विवाह, अनमेल विवाह, बहु विवाह, बलात्कार र छाउपडी प्रथाजस्ता कुप्रथालाई अन्त्य गराउन समाजमा चेतना फैलाउन प्रेरित गर्ने बताए ।

फिल्ममा अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत र खगेन्द्र न्यौपानेको अभिनय छ ।

पर्वतको सालिजा ओखेनीमा छायांकन गरिएको फिल्ममा दीपकप्रसाद घिमिरे निर्माता छन् । फिल्ममा राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदुराई लकान्द्रीको स्वर र रामेश्वर हुमागाईंको डिओपी छ । फिल्मको वितरण एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले गर्नेछन् ।

रंगशाला

एन्फा महिला राष्ट्रिय लिग

टाइब्रेकरमा आर्मीलाई हराउँदै पुलिस फाइनलमा

प्रभाव संवाददाता

काठमाडौं – गोलकिपर उषा नाथले तीनवटा पेनाल्टी सेभ गरेपछि त्रिभुवन आर्मी एफसीलाई पेनाल्टी सुटआउटमा हराउँदै नेपाल पुलिस क्लब एन्फा महिला लिगको फाइनलमा प्रवेश गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको क्वालिफायर टु मा पुलिसले आर्मीलाई पेनाल्टी सुटआउटमा २-१ ले पराजित गरेको हो । पुलिसकी गोलकिपर उषाले तीनवटा सेभ गरिन् । एक गोल अन्जना रानामगरले गर्दा एक प्रहार बाहिरिएको थियो ।

त्यसैगरी पुलिसका लागि उषा र बिर्सना चौधरीले गोल गर्दा तीन प्रहार भने अन्जनाले पनि बचाएकी थिइन् । अन्जनाबाहेक अन्य खेलाडी पेनाल्टीमा चुक्दा आर्मी फाइनलमा पुग्नबाट वञ्चित भयो । पुलिसले इलिमिनेटरमा बागमतीलाई हराएर क्वालिफायर २ मा स्थान बनाएको थियो । पुलिसले अब उपाधिका लागि अर्को विभागीय टोली एपीएफ क्लबसँग खेल्ने छ ।

अपराजित रहँदै जनकपुर नेपाल कबड्डी लिगको उपाधिनजिक

काठमाडौं (प्रस)– अपराजित रहँदै जनकपुर नाइट्स नेपाल कबड्डी लिगको उपाधिनजिक पुगेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा भएको पहिलो क्वालिफायरमा जनकपुरले विराटनगर ब्यान्डिट्सलाई ३४-३२ ले हराएको हो । योसँगै विराटनगरले फाइनल प्रवेश गर्न दोस्रो क्वालिफायर खेल्ने छ । उसले इलिमिनेटरको विजेतासँग खेल्ने भएको हो । इलिमिनेटरमा काठमान्डु माभरिक्स र हिमालयन रेइडर्स भिड्दैछन् । जनकपुरले खेलभर रेडमा १५, ट्याकलमा १३, दुई अलआउटमा चार र बोनसमा दुई अंक जोड्यो । विराटनगरले भने रेडमा आठ, ट्याकलमा १०, एक अलआउटमा दुई र बोनसमा १२ अंक जोड्यो ।

पहिलो हाफमै जनकपुरले ११ अंकको अग्रता लिएको थियो । जनकपुर बोनसबाहेक अन्य सबै पक्षमा अब्बल रह्यो । रेडमा ११, ट्याकलमा ६ र दुई अलआउटमा चार अंक जोडेको थियो । बोनसमा भने दुई अंक मात्रै थप्न सक्यो । विराटनगर भने रेड र ट्याकलमा समान तीन अंक जोड्यो । यद्यपि, बोनसमा भने ६ अंक बटुल्दै खेल २३-१२ मा सक्काएको थियो ।

दोस्रो हाफमा भने विराटनगरले उत्कृष्ट पुनरागमन गरेको थियो । तर, अन्तिम दुई मिनेट सम्हालिन नसक्दा जनकपुर खेलमा फर्कियो । उसले चार ट्याकल र एक रेडमा तीन अंक थप्दै खेल ३३-३० मा पुऱ्यायो ।

जनकपुरले दोस्रो हाफमा कुल ११ अंक जोड्यो । विराटनगरले त्योभन्दा नौ अंक बढी ल्याए पनि जित हात पार्न सकेन । जनकपुरले यो हाफमा रेडबाट तीन, ट्याकलबाट सात र बोनसबाट एक अंक हात पारेको थियो । विराटनगरले भने रेडमा पाँच, ट्याकलमा सात, एक अलआउटमा दुई र बोनसमा ६ अंक बटुल्यो ।

टाइगर कप भलिबल

एपिएफद्वारा न्यु डायमन्ड पराजित

Plum
HIMALAYAN LIFE
APF

प्रभाव संवाददाता

पर्वत – एनसेल पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल प्रतियोगिताको महिलातर्फ सशस्त्र प्रहरी बल एपिएफले टिपटप न्यु डायमन्ड स्पोर्टस क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको छ ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा आज भएको पहिलो खेलमा 'जित्ने समूह' अन्तर्गत एपिएफले न्यु डायमन्डलाई सोझो सेटमा पराजित गरेको हो । एपिएफले पहिलो सेट २५-२२, दोस्रो सेट २५-२३ र तेस्रो सेट २५-२१ को जित निकाल्न सफल भयो ।

एपिएफकी निरुता ठगुन्ना टाइगर अफ द म्याच घोषित भइन् । खेलको वेस्ट स्पाइकर न्यु डायमन्डकी सलिना बुढामगर बनिन् । 'जित्ने समूह' मा एपिएफ, न्यु डायमन्डसहित आयोजक टोली छन् ।

अब महिलातर्फ 'हार्ने समूह' बाट ट्राभल इन्क्वारी युनाइटेड प्यासन भलिबल क्लब र नेपाल पुलिस क्लबबिच प्रतिस्पर्धा हुनेछ । टाइगर ग्रुप अफ पोखराको आयोजनामा भएको उक्त प्रतियोगिता माघ १९ गतेसम्म चल्नेछ ।

घरेलु हतियार उद्योगलाई बढावा दिँदै भारत

नयाँदिल्ली- रुसी सैन्य हार्डवेयरमा लामो समयदेखिको निर्भरता घटाउने भारतको प्रयास नयाँ पश्चिमी मित्रराष्ट्रहरूको साथ र तीव्र गतिमा बढ्दो घरेलु हतियार उद्योगपछि फलदायी भइरहेको विश्लेषकहरूले बताएका छन् । मस्कोको सैन्य-औद्योगिक परिसर युक्रेनमा चलिरहेको युद्धमा व्यस्त रहेको बेला भारतले आफ्नो सशस्त्र बलको आधुनिकीकरणलाई उच्च प्राथमिकता दिएको छ ।

विश्वको सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र र यसको उत्तरी छिमेकी चीनबीचको तनाव विशेषगरी उनीहरूको सेनाबीच सन् २०२० को घातक झडपपछि त्यो अत्यावश्यकता बढेको छ । 'चीनसँगको आफ्नो सुरक्षा वातावरणबारे भारतको धारणा नाटकीयरूपमा परिवर्तन भएको छ,' नयाँदिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसन थिंक-ट्यांकका हर्ष भी पन्तले भने ।

उनीहरूको साझा सीमामा भएको झडपपछि दुई छिमेकीबीचको सम्बन्ध बिग्रियो, जसमा २० जना भारतीय र कम्तीमा चार जना चिनियाँ सैनिक मारिएका थिए । 'यसले प्रणालीलाई हल्लाएको छ र अहिले जे सबैभन्दा राम्रो छ त्यो गर्नुपर्छ र धेरै चाँडो गर्नुपर्छ भन्ने महसुस भएको छ,' पन्तले घटनाका बारेमा भने ।

स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) का अनुसार सन् २०१९-२३ मा विश्वव्यापीरूपमा सबै आयातको करिब १० प्रतिशत हिस्सा ओगट्दै भारत विश्वको सबैभन्दा ठूलो हतियार आयातकर्ता बनेको छ । आगामी वर्षहरूमा संयुक्त राज्य अमेरिका, फ्रान्स, इजरायल र जर्मनीबाट १०औं अर्ब डलर बराबरका अर्डरहरूसहित अझै धेरै आउने क्रममा छ ।

भारतीय मिडिया रिपोर्टहरूका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अर्को महिना फ्रान्स जाने छन् । त्यहाँ उनले राफेल लडाकु विमान र स्कर्पिन-श्रेणीका पनडुब्बीहरूका लागि करिब १० अर्ब डलर बराबरका सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ ।

परिवर्तन गर्न सजिलो छैन

रक्षामन्त्री राजनाथ सिंहले स्थानीय हतियार उत्पादनलाई प्रोत्साहन दिन सन् २०३३ सम्ममा कम्तीमा १०० अर्ब डलर बराबरको नयाँ घरेलु सैन्य हार्डवेयर सम्झौता गर्ने वाचा गरेका छन् ।

'भारत परम्परागतरूपमा दशकौंदेखि आयातकर्ता रहँदै आएको छ र पछिल्लो दशकमा स्वदेशी उत्पादनमा मात्र जोड दिएको छ,' रणनीतिक मामिला विश्लेषक नितिन गोखलेले देशमा 'उच्चस्तरको प्रविधि' हतियार प्रणाली निर्माण गर्ने क्षमताको अभाव रहेको उल्लेख गर्दै भने, 'यो परिवर्तन गर्न सजिलो छैन, सबै कुरा यहाँ निर्माण वा उत्पादन गर्न सकिँदैन ।'

तर यसका प्रयासहरूले अझै पनि धेरै प्रभावशाली उपलब्धिहरू हासिल गरेका छन् । यस दशकमा भारतले एउटा विशाल नयाँ हेलिकप्टर कारखाना खोलेको छ, आफ्नो पहिलो घरेलु विमानवाहक पोत सुरु गरेको छ र लामो दूरीको हाइपरसोनिक मिसाइलको सफल परीक्षण गरेको छ । यसको बदलामा बढ्दो हतियार निर्यात बजारलाई बढावा दिएको छ जसले गत वर्ष दुई अर्ब ६३ करोड डलरको बिक्री देख्यो । यो अझै पनि स्थापित खेलाडीहरूको तुलनामा सानो रकम भए पनि एक दशकमा ३० गुणाले वृद्धि भएको छ ।

भारतले आउँदा हप्ताहरूमा इन्डोनेसियाको सेनालाई करिब ४५ करोड डलर बराबरको सम्झौतामा सुपरसोनिक क्रुज मिसाइल आपूर्ति गर्ने ऐतिहासिक सम्झौता घोषणा गर्ने अपेक्षा गरिएको छ । सरकारले स्थानीय उत्पादन बढाउने उद्देश्यले गत वर्ष रक्षामा खर्च गरेको ७५ अर्ब डलरको महत्त्वपूर्ण अंशसहित सन् २०२९ सम्ममा यो आँकडा तीन गुणा बनाउने लक्ष्य राखेको छ । *रासस⁄एएफपी*

जेजु विमानको जेट इञ्जिनमा रगतको दाग भेटिएको दाबी

सियोल- गत डिसेम्बरमा दुर्घटनाग्रस्त भएको जेजु एयरको विमानको दुवै इञ्जिनमा चराको प्वाँख र रगतको धब्बा फेला परेको सोमबार सार्वजनिक भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ । गत डिसेम्बर २९ मा थाइल्याण्डबाट दक्षिण कोरियाको मुआनका लागि उडेको बोइङ ७३७-८०० विमानमा चालक दलका सदस्यसहित १८१ जना यात्रु सवार थिए ।

दुर्घटनाग्रस्त उक्त विमानमा सवार १७९ जनाको मृत्यु भएको थियो भने दुई जनालाई सख्त घाइते अवस्थामा उद्धार गरिएको थियो । यो दक्षिण कोरियाली भूमिमा भएको सबैभन्दा खराब हवाई दुर्घटना थियो ।

दक्षिण कोरियाली र अमेरिकी अन्वेषकहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन्, चराको आक्रमण, खराब अवतरण गियर र रनवे अवरोधलाई सम्भावित समस्याको रूपमा परीक्षण गरिएको छ । दुर्घटनास्थलबाट बरामद गरिएका दुवै इञ्जिनको निरीक्षण गरिएको र दुवै इञ्जिनमा चराको रगतको धब्बा र प्वाँख फेला परेको प्रतिवेदनमा उल्लेख छ ।

'चालकले धावनमार्ग ०१ नजिक आइपुग्दा चराहरूको एक समूह पहिचान भएको जनाएका र सुरक्षा क्यामराले एचएल ८०८८ लाई चराहरूको समूहको नजिक आउँदै गरेको भिडियो खिचेको भेटिएको छ,' जेटको दर्ता नम्बर उल्लेख गर्दै रिपोर्टमा भनिएको छ ।

विमान दुर्घटना हुनुअघिका क्षणहरूमा इञ्जिनले काम गर्न छोडेको थियो वा थिएन भन्नेबारे भने केही बताइएको छैन । डिएनए विश्लेषणले प्वाँख र रगत साइबेरियाबाट जाडो याममा कोरिया आउने बैकाल गैरी (बैकल टिल्स) नामक प्रवासी चराहरूको रहेको हुनसक्ने बताएको छ ।

रिपोर्टमा ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डेटा रेकर्डर दुवैले विपत्तिको चार मिनेटअघि नै काम गर्न छोडेको भेटिएको उल्लेख गरिएको छ । विमानमा मुख्य चालकले (क्याप्टेन) छ हजार ८०० घण्टाभन्दा बढी उडान गरेको र सहायक चालकले एक हजार ६५० घण्टाभन्दा बढी उडान गरेको अनुभव थियो । दुर्घटनामा दुवैको मृत्यु भएको थियो भने दुई जना परिचारिका मात्र बाँचेका थिए । *रासस⁄एएफपी*

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

विधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१५

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका योजना संचालन गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इच्छुक फर्म कम्पनीले तपसिल उल्लेखित सर्तहरूको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेब साईट www.sabailamun.gov.np तथा सूचना पाटीमा हेर्न सकिनेछ ।

तपसिल:

ठेक्का नं.	योजनाको नाम	बोलपत्र फारम दस्तुर (रू.)	जमानत रकम (रू.)	फारम खरिद अवधि	फारम दाखिला अवधि	बोलपत्र खोल्ने मिति र समय
SM/Works/SQ/ 081/082/01	Construction of Karmchari Sewa Kendra Building	१०००/-	५६९००/-	२०८१/१०/२९ सम्म कार्यालय समयभित्र	२०८१/१०/३० दिनको १२:०० बजेसम्म	२०८१/१०/३० दिउँसो २:०० बजे

प्रमुख प्रशाशकीय अधिकृत

युएइमा रोजगार
कम्पनी : **BAIT AL TWFIQ BUILDING MAINTENANCE**
पूर्व स्वीकृति मिति : २०८१/१०/१४ | LT. No. 317824 | चलानी नं. ६०२३२०४४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Tile Layer	24	0	1200	४५,१५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जलि

जन्म:
वि.सं. १९९०/०३/१६

स्वर्गारोहण:
वि.सं. २०८१/१०/०३

स्व. मानबहादुर विष्ट

सार्वजनिक सेवा प्रसारण संस्थाका अध्यक्ष,
नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष एवम् हाम्रा शुभचिन्तक
डा. महेन्द्र विष्टका
पूजनीय पिता **मानबहादुर विष्ट**को असामयिक निधनको
१३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना
गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकसन्तप्त
परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित
हार्दिक समवेदना प्रकट गर्दछौं ।

MEDIA ALLIANCE NEPAL

भाष्करराज राजकर्णिकर
अध्यक्ष
मिडिया एलाईन्स नेपाल परिवार

Sudurpashchim Province Assembly

Province Assembly Secretariat, Dhangadhi

Invitation for Bids

Invitation for Bids No.: PAS/GOODS/NCB/081/082-01
Date of publication: 28.01.2025 AD (2081.10.15 BS)

1. Province Assembly Secretariat invites sealed bids or electronic bids from Nepalese eligible bidders for **Supply And Delivery of I5 Laptop with accessories** at Sudurpashchim province Assembly secretariat under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 4729993.55 (inclusive VAT)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Province Assembly Secretariat, Sudurpashchim Province Dhangadhi, Kailali or may visit PPMO website https://www.bolpatra.gov.np/egp
3. Bidder must submit their bid electronically only and must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, by eligible Bidders and should deposit the non-refundable fee of Rs. 3000.00 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **Rastriya Banijya Bank Ltd.**
   Name of Office: **Province Assembly Secretariat**
   Office Code no: **2020077017**
   Office Account no: **1000200010000**
   Rajaswa (revenue) Shirshak no.: **14229**
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the Province Assembly Secretariat Sudurpashchim Province, Dhangadhi through PPMO website www.bolpatra.gov.np/egp before 12:00 noon on 28-02-2025 AD. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 noon on 28-02-2025 AD at the office of Province Assembly Secretariat Sudurpashchim Province, Dhangadhi, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 120000.0, which shall be valid for 30 days beyond the validity period of the bid. Information of bank details to deposit the cost of bid security in Dharauti Khata:

   Bank Name: **Rastriya Banijya Bank Ltd.**
   Bank Address: **Dhangadhi, Kailali, Nepal**
   Account Name: **Sudurpashchim province Treasury Comptroller Office**
   Account Number: **4170100202030000**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Province Assembly Secretariat

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला –	प्रति तोला –	प्रति तोला –
१६०१००	०	१८५०

तोरी पहेंलै... | स्याङ्जाको वालिङ १ मजुवा, कालीमाटी फाँटमापहँलपुर देखिएको तोरीखेती । उत्पादन राम्रो हुने भएकाले किसानहरू तोरी खेतीतर्फ आकर्षित भएका छन् ।
तस्बिरः तोलाकान्त बगाले/रासस

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन

प्रभाव संवाददाता

काठमाडौं– सरकारले हालै सहकारी ऐन, २०७४ संशोधन गर्न जारी गरेको अध्यादेशबमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन गरिएको छ ।

साबिकको राष्ट्रिय सहकारी विकास बोर्डको पुल्चोकस्थित भवनमा आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्राधिकरणको कार्यालय विधिवत् रूपमा उद्घाटन गरेका हुन् ।

कार्यक्रममा मन्त्री अधिकारीले प्राधिकरणका अध्यक्ष र सदस्यहरूलाई शपथ पनि गराएका थिए ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारीमा भएको अनियमितताको माथिदेखि तलसम्मको छानबिन गरी प्राधिकरणले काम गर्ने बताए । ऋण असुली न्यायाधीकरण, सूचना केन्द्र र कोष पनि चाँडै स्थापना हुने मन्त्री अधिकारीको प्रतिबद्धता छ । ऐनमा भएको संशोधन अब दृढताका साथ कार्यान्वयन गर्न पनि पनि उनले प्राधिकरणका पदाधिकारी एवं कर्मचारीलाई निर्देशन दिए ।

सहकारी क्षेत्रमा नमिलेका ऐन, कानुन संशोधन गरी दुई वर्षभित्रमा यस क्षेत्रमा देखिएका सबै समस्या समाधान गरेर अघि बढ्ने प्रतिबद्धता पनि मन्त्री अधिकारीले कार्यक्रममा गरेका थिए । भूमिसम्बन्धी समस्या समाधानका लागि भूमि र नापी ऐन पनि संशोधन गर्न गृहकार्य भइरहेको उनले सुनाए ।

प्राधिकरणका अध्यक्ष एवं मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले सरकारको यही माघ ७ गतेको निर्णयानुसार आफू अध्यक्ष भएको उल्लेख गर्दै एक हप्तामै कार्यालय स्थापनासहित उद्घाटन गर्न सकिएको बताए । सहकारी क्षेत्रमा आइपरेका अप्ठ्याराबाट नडराई समस्या समाधान गर्दै जाने उनको भनाइ छ ।

देशको समृद्धिका लागि सहकारी अर्थतन्त्रको विकल्प नभएको उल्लेख गर्दै उनले यस क्षेत्रमा देखिएका समस्या समाधान गर्ने विकल्पमा सरकार अघि बढेको बताए । पुँजीबाट रोजगारी सिर्जना गर्ने गरी सहकारी अभियानलाई अघि बढाउन लागिएको जानकारी पनि अध्यक्ष पोखरेलले गराए । प्राधिकरणले देशभर खुलेका करिब ३४ हजार सहकारीमा भौतिक रूपमा पुग्न नसके पनि पाइला, आँखा र नजर पुग्नेगरी काम गर्ने प्रतिबद्धता उनको थियो ।

‘भारतमा निर्यात अपेक्षित रूपमा बढ्न सकेको छैन’

प्रभाव संवाददाता

काठमाडौं– उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारतमा नेपालको निर्यात अपेक्षित रूपमा बढ्न नसकेको बताएका छन् ।

मन्त्रालयमा सोमबार मन्त्री भण्डारी एवं भारतका अतिरिक्त सचिव मुनु महावरबीच भएको शिष्टाचार भेटका क्रममा मन्त्री भण्डारीले भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार भए पनि व्यापारको आकार बढे अनुरूप निर्यात बढ्न नसकेको बताएका हुन् । त्यसका लागि नीतिगत रूपमा यसलाई सम्बोधन गर्न सरकारले काम गरिरहेको उनले बताएको मन्त्री भण्डारीको सचिवालयले जनाएको छ ।

मन्त्री भण्डारीले विद्यमान व्यापार सन्धि संशोधनका लागि दुवै देशको सह-सचिवस्तरमा रहेको प्राविधिक समितिको बैठक चाँडै बसेर सो विषय टुंग्याउनुपर्नेमा जोड दिए ।

हालै सम्पन्न वाणिज्य सचिवस्तरको अन्तर सरकारी समिति (आइजिसी) बैठकमा ब्यूरो अफ इण्डियन स्टान्डर्ड (बीआईएस) प्रमाणपत्र जारी तथा नवीकरणलगायतका विषयमा प्रगति नभएको नेपाली निर्यातकर्ताको गुनासो प्राप्त भइरहेकाले उक्त समस्या समाधानका लागि मन्त्री भण्डारीले आग्रह गरे ।

उक्त भेटमा उनले नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा आगामी मार्चको २ र३ मा काठमाडौंमा हुन गइरहेको नेपाल अन्तर्राष्ट्रिय आर्थिक शिखर सम्मेलनमा भारतका तर्फबाट उच्च तहका पदाधिकारी एवं भारतीय उद्योगी व्यवसायी तथा लगानीकर्ताको उल्लेख्य सहभागिता रहने विश्वास व्यक्त गरे ।

साथै मन्त्री भण्डारीले नेपाल र भारतबीच खुला सीमाना, भौगोलिक निकटता र जनस्तरको घनिभूत सम्बन्धका कारण दुई देशबीच बलियो आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध रहेको उल्लेख गरेको मन्त्री भण्डारीको सचिवालयले जनाएको छ ।

भेटका अवसरमा अतिरिक्त सचिव महावरले भारतले छिमेक पहिलो नीति अन्तर्गत नेपाललाई उच्च प्राथमिकतामा राखेको जनाउँदै नेपालको विकासमा भारत सरकार सहयोग गर्न तत्पर रहेको बताए । उनले भेटका क्रममा उठेका विषयलाई सम्बोधन गर्न आफ्नातर्फबाट सम्बद्ध निकायहरूसँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उक्त भेटघाटमा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय एवं नेपालस्थित भारतीय राजदूतावासका कर्मचारीको उपस्थिति रहेको जनाइएको छ ।

आठौं चेम्बर एक्स्पो माघ १७ देखि

प्रभाव संवाददाता

काठमाडौं– नेपाल चेम्बर अफ कमर्शको आयोजनामा आठौं संस्करणको चेम्बर एक्स्पो, २०२५ यही माघ १७ गतेदेखि काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने भएको छ । अन्तर्राष्ट्रिय स्तरका सफ्टवेयर र आर्टिफिसियल इन्टेलिजेन्सी (एआई) परियोजनासहित एक्स्पो आयोजना हुन लागेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्यले एक्स्पो आयोजना गर्न लागिएको चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले बताए । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहकार्यमा एक्स्पो आयोजना गर्न लागिएको हो । एक्स्पोमार्फत नेपाली उत्पादनको बजारीकरणलाई विशेष जोड दिँदै व्यावसायीक क्षेत्रलाई एकीकृत गर्ने उद्देश्य लिइएको उनको भनाइ छ ।

चेम्बरका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले नेपालको सूचना प्रविधि उद्योगलाई अन्तर्राष्ट्रिय आईटी कम्पनीको ‘ब्याकअप’का रूपमा विकास गरिनुपर्नेमा जोड दिए । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी प्रमुख शरद विक्रम राणाले देशभित्र खपत हुने सफ्टवेयरको प्रयोग गर्दा आन्तरिक उत्पादन एवं प्रतिस्पर्धाकै आधारमा चयन गरिनुपर्नेमा जोड दिए ।

क्षेत्रीय एवं अन्तर्राष्ट्रिय व्यापारिक समुदायको प्रत्यक्ष सहभागिताले अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक गतिविधि, प्रविधिको प्रयोग एवं व्यापार व्यवस्थापनका नयाँ आयामलाई नजिकबाट नियाल्न एक्स्पो सहयोगी हुने एक्स्पो समितिका सभापति राष्ट्रभुषण चाकुबजीले बताए । चेम्बर अफ कमर्शका सूचना प्रविधि समति सभापति विज्ञान श्रेष्ठले एक्स्पोमा यसपटक आईटी उत्पादनहरूलाई उच्च प्राथमिकतामा राखिएको बताए ।

विगतमा झैं यस वर्ष पनि एक्स्पोमा कृषिजन्य वस्तु, हस्तकला, लत्ताकपडाका सामान, अटोमोबाइल, विद्युतीय सामग्री, घरेलु उपकरण, कपडा, फर्निचर, गार्मेन्ट, छालाका सामान, गहनाका सामान, सौन्दर्य प्रशाधन, खाद्यान्न तथा दुग्ध उत्पादन प्रदर्शनीका लागि राखिनेछन् । एक्स्पोमा नेपाल, बङ्गलादेश, भारत, चीन, थाइल्याण्ड, युएई, दक्षिण कोरिया, मलेसिया, पाकिस्तानलगायतका देशमा उत्पादित वस्तुहरूको समेत प्रदर्शनी हुनेछ । कूल एक सय २५ भन्दा बढी स्टल रहने एक्स्पो कम्तीमा ५० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको छ ।

सामाजिक अपराध र हिंसाविरूद्ध एकजुट होऔं

- अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं,
- पीडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं,
- हिंसा र अपराधका घटनालाई रोक्न सामूदायिक सचेतना फैलाऔं,
- महिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं,
- सामाजिक अपराध र हिंसाविरूद्ध एकताबद्ध भएर आवाज उठाऔं,
- अपराध भएको वा हुनसक्ने आशंका लागेमा तुरून्त प्रहरीलाई खबर गरौं,
- समाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सबै मिलेर अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्पोरेट

पोखरामा कजरियाको शोरूम

पोखरा (प्रस)– भारतको अग्रणी टायल उत्पादक कम्पनी कजरियाले पोखराको शिवचोकमा नयाँ शोरुम खोलेर नेपालमा आफ्नो उपस्थिति विस्तार गरेको छ । धौलाश्री सप्लायर्सद्वारा सञ्चालित शोरुमको भव्य उद्घाटन समारोह २०८१ माघ १३ गते सम्पन्न भएको थियो, जसमा स्थानीय बासिन्दा तथा व्यवसायी समुदायका प्रतिष्ठित सदस्यहरूको ध्यानाकर्षण भएको थियो । कार्यक्रममा पोखरा चेम्बर अफ कमर्शका अध्यक्ष गोकर्ण कार्कीको प्रमुख आतिथ्यता रहेको थियो । उनको उपस्थितिले पोखराको बढ्दो निर्माण उद्योगको विकासमा टेवा पुऱ्याउने यस नयाँ उद्यमको महत्वलाई उजागर गरेका थिए ।

कार्यक्रममा बोल्दै कजरियाका निर्देशक हिमांशु अग्रवालले नयाँ शोरुमको बारेमा उत्साह व्यक्त गरे । उनले भने, ‘पोखरा प्रिमियम बजार हो, यहाँ कजरिया टाइल्सको माग सधैं उच्च रहँदै आएको छ । पोखराका जनताले कजरियालाई निरन्तर माया र विश्वास गर्दै आएका छन्, त्यसैले हामीले उनीहरूलाई उत्कृष्ट कजरिया टाइल्समा सहज पहुँच सुनिश्चित गरेका छौं । यो शोरुमले उच्च गुणस्तरका उत्पादन र सेवाहरू प्रदान गर्ने हाम्रो प्रतिबद्धतालाई सङ्केत गर्दछ ।’ रमेश कर्प र भारतको अग्रणी टाइल उत्पादक कजरिया सेरामिक्स लिमिटेडको संयुक्त उद्यम कजरिया रमेश टाइल्स लिमिटेडले नवलपरासीमा नेपालको सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेको छ ।

डिएभीको आयोजनामा उपत्यकाव्यापी फुटसल हुँदै



काठमाडौं (प्रस)– खेलकुदका माध्यमबाट विद्यार्थीहरूमा अनुशासन मित्रता तथा सहअस्तित्वको भावना अभिवृद्धि गर्ने उद्देश्यले ललितपुरको जावलाखेलमा अवस्थित डी.ए.भी. कलेज (प्लस टु) ले उपत्यकाव्यापी छैटौं फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

कलेजका प्रिन्सिपल सुमन बस्नेतले बुधबारबाट सुरु हुने प्रतियोगिताका विजेता टिमलाई रु. ३ लाख नगद, ट्रफी तथा प्रमाणपत्र र उपविजेता टिमलाई रु. २ लाख नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिने जनाएका छन् । साथै सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक तथा उत्कृष्ट खेलाडीलाई जनही रु. १५ हजार प्रदान गरिने जानकारी दिएका छन् । ऐतिहासिक रूपमा सञ्चालन गरिने उक्त प्रतियोगितामा सुरुमा दर्ता हुने उपत्यकाका ४० वटा टिमलाई मात्र सहभागी गराइने बताइएको छ ।

आइसिएफसीको डिवेञ्चरमा चार दिनमै सात गुणा बढी आवेदन

काठमाडौं (प्रस)– आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको ७ (सात) वर्ष अवधिको वार्षिक ९ प्रतिशत ब्याजदर भएको ‘९प्रतिशत आई.सि.एफ.सि. फाइनान्स लिमिटेड डिवेञ्चर २०८८’ को प्रति अंकित डिवेञ्चर निकालेको थियो ।

एक हजार दरले ३,००,००० कित्तामा ७ (सात) गुणा बढी आवेदन परेको थियो । नेपालको धितोपत्र बजारमा ४ (चार) दिनको छोटो समयावधि भित्रै आवश्यक भन्दा बढी संख्यामा डिबेञ्चरको माग गरी उल्लेख्य सहभागिता जनाउने सम्पुर्ण लगानीकर्ता, विभिन्न क्षेत्रबाट सहयोग तथा सद्भाव प्रदान गरी डिबेञ्चर निष्कासन कार्यलाई सफल बनाउन सहयोग गर्ने सम्पूर्ण शुभेच्छुक, आश्वा सदस्य, बैंक तथा वित्तीय संस्थाहरू, नियामक निकायहरू, सञ्चारकर्मी लगायत सरोकारवाला सबै पक्षलाई निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशन कम्पनीले सबैलाई धन्यवाद दिएको छ ।

नेसनल लाइफ इन्स्योरेन्सको लिडर्स नाइट कार्यक्रम सम्पन्न

काठमाडौं (प्रस)– नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले आफ्ना अभिकर्ताहरूका लागि २ रात ३ दिनको ‘लिडर्स नाईट वीथ भुषण दाहाल’ कार्यक्रम चितवन सौराहा स्थित होटल सेभेन स्टारमा सम्पन्न गरेको छ ।

कम्पनीमा कार्यरत अभिकर्ताहरूका लागि २०८१ श्रावण महिनामा संचालन गरेको अभिकर्ता मासिक योजना अन्तर्गत लक्ष्य पुरा गर्न सफल अभिकर्ताहरूलाई गैंडाकोट स्थित मौलाकालिका मन्दिरको दर्शन तथा दियालो बंगला संग्रहालय अवलोकन गराउने तथा नेपालको चर्चित बरिष्ठ पत्रकार भुषण दाहालसँग साक्षात्कार गराउने उदेश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कम्पनीका बजार विभाग प्रमुख विवेक शर्मा, एजेन्सी विभाग प्रमुख सुशील प्रताप राणासहित प्रदेश प्रमुख, तथा विभिन्न शाखाका शाखा प्रमुखहरू सहित देशै भरीबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनौट हुन सफल भएका करिब २२५ जना बरिष्ठ अभिकर्ताहरूले कार्यक्रममा सहभागिता जनाएका थिए ।

साथै, कार्यक्रमका प्रमुख अतिथी दाहालले सहभागि अभिकर्ताहरूलाई नेतृत्वको बारेमा विशेष प्रशिक्षण प्रदान गरेका थिए । उनले नेतृत्वकर्ताले भविष्यको स्पष्ट खाका कोर्नका लागि जहिले पनि प्रश्न होईन हजारौ प्रश्नको जवाफ दिने आँट र साहास बोकेर बस्न सक्नु पर्ने धारणा व्यक्त गरे ।

प्रोटनको इभी कार नेपाली बजारमा ल्याउने तयारी

काठमाडौं (प्रस)– जगदम्बा मोटर्सले नेपालमा मलेसियन प्रोटन इमास ७ इभी कार ल्याउने भएको छ । मलेसियामा गत डिसेम्बरमा लन्च भएको प्रोटनको इभी इमास ७ कार अब नेपाली बजारमा आउने भएको हो ।

प्रोटनले मलेसियापछि नेपालसहित त्रिनिदाद र टोबैगो, सिंगापुर र मौरिशसमा पनि ‘इमास ७’ इभी लन्च गर्ने तयारी गरेको छ । प्रोटन ’इमास ७’ प्राइम र प्रिमियम गरि दुई भेरीयन्टमा उपलब्ध रहेका छन् ।

प्रोटन ‘इमास ७’ ले आसियान एनक्यापबाट ५ स्टार सुरक्षा मूल्याङ्कन प्राप्त गरेको छ र यसले कुल ९२.५७ अंक प्राप्त गरेको छ । जसमा वयस्क यात्री सुरक्षामा ३९, बाल यात्री सुरक्षामा १७.३२, सुरक्षा सहायतामा २० र मोटरसाइकल चालक सुरक्षामा १६.२५ अंक प्राप्त गरेको छ । यी मूल्याङ्कनहरूले ‘इमास ७’ ले यात्री र सडक प्रयोगकर्ताहरूको सुरक्षा प्राथमिकतामा राखेको स्पष्ट हुन्छ ।

शंकर ग्रुपको टू ह्विलर र फोर ह्विलरको नेपालका लागि आधिकारिक विक्रेता रहेको जगदम्बा मोटर्सले जनवरी महिनामै डेमो कार काठमाडौं ल्याउने बुझिएको छ भने कम्पनिले आधिकारिक जानकारी नदिए पनि मार्चको तेस्रो सातासम्म नेपालमा लन्च गर्ने तयारी गरेको छ । हाल नेपालमा इभी बजार आकर्षित भएको समयमा ‘इमास ७’ ले नेपाली ग्राहकहरूको आवश्यकताअनुसार उन्नत सुविधाहरू र अत्याधुनिक प्रविधि प्रदान गर्ने अपेक्षा गरिएको छ ।